नेपाल बार एशोसिएशनको वार्षिक साधारण सभा समक्ष नेपाल बार एशोसिएशनको २४ औं केन्द्रीय कार्यसमितिकोतर्फबाट महासचिवद्वारा प्रस्तुत

# प्रतिबेदन

अधिवक्ता खम्मबहादुर खाती
महासचिव
नेपाल बार एशोसिएशन

२०७५ बैशाख ६ गते, शुक्रबार
काठमाडौं ।

**श्री अध्यक्षज्यू**
**नेपाल बार एशोसिएशनका पदाधिकारी, नवनिर्वाचित अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष एवं सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु तथा पदाधिकारीज्यूहरु, वरिष्ठ अधिवक्ताज्यूहरु, कार्यकारिणी परिषद्का पार्षद्ज्यूहरु एवं विभिन्न बार एकाइका अध्यक्षज्यू तथा पदाधिकारीज्यूहरु एवं सहभागी कानुनव्यवसायी मित्रहरुमा मेरो व्यक्तिगत र नेबाएको २४ औ कार्यसमितिकोतर्फबाट यहाँहरुमा आदर र सम्मान व्यक्त गर्दै नव वर्ष २०७६ को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।**

आज हामी नेपाल बार एशोसिएशनको गरीमामय बार्षिक साधारण सभा तथा पदभार हस्तान्तरण सभामा उपस्थित भएका छौं । नेपाल बार एशोसिएसनको केन्द्रिय कार्यसमितिको मिति २०७२/१२/२० मा सम्पन्न निर्वाचन पश्चात मिति २०७३/०१/०७ गते पदभार हस्तान्तरण भई नेबाएको वर्तमान कार्यसमतिले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरेको छ । हाम्रो कार्यसमितिलाई आफ्नो अमुल्य मत प्रदान गरी तीन बर्षे कार्यकालको जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण कानून व्यवसायी मित्रहरुमा हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

लोकतन्त्र, कानुनको शासन, स्वतन्त्र न्यायपालिका, कानून व्यवसाय, कानून व्यवसायीको व्यवसायीक सुरक्षा तथा सम्मान तथा मानव अधिकार लगायतका विषयमा आमूल परिवर्तन आएको छ । मुलुक एकात्मक शासन प्रणालीबाट संघात्मक प्रणालीमा प्रबेश गरेको छ भने मुलुकको शासन व्यवस्था उदार लोकतन्त्रबाट समावेशी लोकतन्त्र तर्फ उन्मुख भएको छ ।

सम्पूर्ण नेपालीको अथक प्रयास पछि नेपाली जनताले संविधान सभा मार्फत आफैले वनाएको संविधान स्थापित गरेको लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्र न्यायपालिका, संघियता, समानुपातिक, समावेशीता, वहुदलीय प्रतिस्पर्धामा आधारित आवधिक निर्वाचन, मौलिक हक जस्ता विषयहरुलाई संविधान कार्यान्वयन मार्फत मुलुकको दिगो आर्थिक विकास गरि युवा जनशक्तिलाई मुलुकमै रोज गारीको सिर्जना तथा मुलुकलाई विश्वव्यापीकरणको हिस्सा बनाउनु र स्थानीय सरकार, प्रदेश सभा सरकार र संघीय सरकारको निर्वाचन सफलतापूर्वक सम्पन्न भई देश विकासका कार्यक्रमहरु कार्यान्वियनका चरणमा रहेका छन् ।

संविधान वाद, शक्तिपृथकीकरणको सिद्धान्त स्वतन्त्र सक्षम, उत्तरदायीपूर्ण न्यायपालिका, विधि र कानूनको शासनप्रति नेपाल बार एशोसिएशन सदैव प्रतिवद्ध रहेको छ । बार र बेञ्च एक अर्काको परिपुरक रहे भएको विषयमा कसैको दुईमत रहन सक्दैन, यदा कदा विगत देखि नै कायम रहेको न्यायपालिका स्वतन्त्र पहिचान र अस्तित्व, जनताको आशा भरोसाको केन्द्र प्रति अनास्था देखिनु, कार्यपालिका र न्यायपालिका बीच देखिएको असमाजस्यतापूर्ण कार्य र व्यवहारबाट शक्ति पृथकीकरणको सिद्धान्तको उपहास गर्नु, संविधान, ऐन, कानूनको वर्खिलाप कार्य गर्ने छुट कसैलाई छैन र गर्नु हुँदैन यदि कसैको लहडवाजीमा उक्त कार्य भएमा विगतको इतिहासले कसैलाई छुट दिने छैन । यसमा नेपाल बार एशोसिएशनले Watch Dog को रुपमा कार्य गर्नु पर्ने अवस्था सृजना भएको हामीलाई महसुस भएको छ । सम्पूर्ण न्यायिक निकायलाई आन्तरिक र बाह्य रुपमा हतोत्साही गराउनु हुँदैन । न्यायमूर्ती उपर वस्तुनिष्ट, तथ्यपरक प्रमाणको अभावमा निरीह तुल्याउन अनेक प्रभाव र दवावामा राख्न खोज्नु, प्रक्रिया र पद्दतीको ठाडो उल्लंघन हुन, न्यायमूर्ती स्वयंलाई अन्याय गरी लगाइएका आरोपको समयमा नै निर्णय नगरी अनिर्णित रहनुबाट देखिएको न्यायिक अराजकताको अन्त्य हुनु आवश्यक छ ।

नेपाल बार एशोसिएशन व्यवसायिक संगठन हो । यसले विशेषज्ञका हैसियतले आफ्ना धारणा निर्माण गर्दा आफ्नै विशिष्ट परिस्थितिमा विकसित भएका न्यायप्रणालीका सकारात्मक मूल्य–मान्यता तथा संरचनाहरुको संरक्षण गर्दै प्रक्रिया तथा प्रणालीमा रहेको समस्याहरुलाई पहिचान गरि आफ्नै परिवेश तथा अन्य देशका

न्यायप्रणालीहरुले विकसित गरेका नयाँ आयामहरुलाई आफुमा समाहित गर्दै सेवाग्राहीलाई छिटो छरितो सुलभ न्याय प्रदान गर्न कार्यमा अग्रसर हुनुपर्दछ ।

नेपालको संविधान २०७२ जारी भईसके पश्चात स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार गठन भईसकेता पनि समय परिस्थिति र घटनालाई आत्मसाथ गर्दै तहगत सरकारको नयाँ ऐन कानूनको निर्माण हुनुपर्नेमा तहगत सरकारको कार्य विभाजन र कार्यान्वयन प्रक्रियामा सहजता आउनु पर्नेमा तहगत सरकार बीच देखिएको सत्ता, शक्ति र अधिकारको खिचातानीले जनताहरुले पाउने सेवा सुविधा सोचे जस्तो प्राप्त गर्न सकेका छैनन् ।

व्यवस्थापकीय संसदमा छलफल नगरी हतार र हठात मनस्थितिमा पारित भएका मौलिक हक सम्बन्धी ऐनहरु तथा अन्य ऐनहरुमा कार्यान्वयनको शिलशिलामा देखिएका दुविधा, कमि–कमजोरीहरुलाई सुधार गर्दै लैजानु पर्ने अवस्था अहिले टड्कारो चुनौतीको रुपमा उभिएको छ । नेपालको कानूनी इतिहासमा लामो समयसम्म कायम रहेका मुलुकी ऐन विस्थापित हुनु र मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४, फौजदारी कसूर (सजायँ निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को कार्यान्वयनमा देखिएका जटिलताहरुलाई सरलीकृत गर्न नेपाल बार एशोसिएशनले पटक पटक सर सल्लाह र सुझाव दिई रहेको छ भने यसलाई निरन्तरता दिन विज्ञ विशेषज्ञहरुको सहयोगले संशोधन र कार्यान्वयनमा मद्दत पुग्नेछ भन्ने नेबाएले विश्वास लिएको छ ।

स्थानीय तहमा रहेका न्यायिक समिति, मध्यस्थता समिति र मेलमिलाप समितिमा नेपाल सरकारसँग दक्ष जनशक्तिको अभाव भएको विषयलाई नेबाएले आजभन्दा झण्डै एक वर्ष अघि विभिन्न ईकाईहरुसँग समन्वय गरी कार्य गर्ने विषयमा संघीय मामिला मन्त्रालयसँग सहमति भएता पनि कार्यान्वयनमा आउन नसकेको जानकारी गराउँदछु । यसका लागि नेबाएका ईकाईहरुले ७५३ स्थानमा नै दक्ष जनशक्ति उपलब्ध गराउने, समन्वय, र सहकार्यमा अगाडी बढाउने प्रतिवद्धता व्यक्त गरीसकेको छ ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले आ–आफ्नो सिमा र दायराभित्र रही कार्य गर्नुपर्नेमा राज्यका प्रमुख निकायहरुले नै एकले अर्कोको क्षेत्राधिकार अतिक्रमण गर्न हस्तक्षेप गर्ने कार्य दिनानुदिन बढ्दै गएको विषयप्रति नेबाएले सँधैभरी Watch dog को कार्य गर्दै आएको र आवाज उठाउँदै आएकोमा नेपालको संविधान, प्रचलित ऐन, कानून, विधिको शासन, मानव अधिकार, शान्ति–सुरक्षाजस्ता गहन विषयमा निरन्तर उल्लंघन हुनुले नेबाएलाई चिन्तित तुल्याएको छ र यस सम्बन्धमा सम्बन्धित पक्षलाई गहन जिम्मेवारीका साथ कार्य गर्न नेबाए अनुरोध गर्दछ ।

न्यायपालिकाप्रति जनताको विश्वास दिनानुदिन घट्दो अवस्थामा छ । न्यायपालिकाप्रति जनताको आस्था घट्नुमा न्यायाधीशहरुको नियुक्तीमा हुने राजनीतिक हस्तक्षेप न्यायिक नेतृत्वले रोक्न नसक्नु, न्याय परिषद् स्वयंले गर्ने कार्य शंकाको घेरामा रहनु, न्यायाधीश नियुक्त हुनुपूर्व न्यायाधीशमा नियुक्त हुने व्यक्तिको योग्यता, दक्षता, क्षमता, बरिष्ठता, अनुभव, ईमान्दारिता, निष्पक्षता, पेशा तथा उच्च नैतिक आचरण, न्याय र कानूनका क्षेत्रमा प्रदान गरेको योगदानलाई आधार बनाई न्यायाधीश नियुक्तीको लागि बृहत छलफल गरी, न्याय परिषद्ले सिफारिस गर्नु पर्नेमा त्यसको ठीक विपरित राजनीतिक व्यक्ति/दलको दवाव, निर्देशन, भनसुन, नातागोताका व्यक्ति र सिफारिस गर्ने न्याय परिषद्मा रहे भएका व्यक्तिसँगको विविध कारणको निकटताले प्राथमिकता पाएको र यसमा प्रत्यक्ष सरोकार राख्ने नेबाएको भूमीकालाई गौण राख्ने कार्य भएको, नेबाएले सरोकारवाला पक्षसँग राम्रो समन्वय र सम्बन्ध राख्न खोज्दा खोज्दै पनि नेबाएको सदासयतालाई कमजोरी ठानी सर्वोच्च अदालतमा नियुक्ती हुने न्यायाधीश न्याय सम्पादनको सिलसिला, योग्य, ईमान्दार, कर्तव्यनिष्ट छ भन्दा पनि प्रधान न्यायाधीश हुने नहुने विषयलाई विशेष ध्यान दिंदा गलत प्रक्रिया र पद्दतीलाई अवलम्बन गर्ने कार्यलाई बढवा दिंदै गर्दा आज अदालतप्रति वितृष्णा र जनआस्था घट्दै गएको पाइन्छ ।

संवैधानिक परिषद्को संरचनालाई हेर्दा ६ जना मध्ये केवल प्रधान न्यायाधीश बाहेक सबै राजनीतिक व्यक्तित्वको मात्र प्रतिनिधित्व हुने, प्रधान न्यायाधीशको पद रिक्त भएमा उक्त पदमा समेत नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रुपमा रहने व्यवस्थाले पनि कहिँ कतै स्वतन्त्र न्यायपालिकाको अस्तित्वमा गम्भीर संकटमा त परेको होइन भन्ने प्रश्न एकातिर टड्कारो देखिएको छ भने अर्कोतर्फ प्रधान न्यायाधीशको

लागि सिफारिस गर्ने संवैधानिक परिषद्ले गरेको सिफारिस संवैधानिक परिषद् ऐनमा भएका आधार र कारण समेत लेखेर पठाई सकेपछि एक पटक न्याय परिषद्को सिफारिसमा सुनुवाई भई सर्वोच्च अदालतमा न्यायाधीश बहाल भई तीन वर्ष व्यतित भईसके पछि पुनः प्रधान न्यायाधीशका लागि योग्य नहुने गरी सुनुवाई समितिले नियमावली बमोजिम अस्वीकृत गर्न सक्ने व्यवस्थाले यसको जिम्मेवारी संवैधानिक परिषद्ले लिनु पर्ने अवस्था रहन्छ की रहँदैन भन्ने प्रश्न एकातर्फ उठेको देखिन्छ भने अर्कोतर्फ प्रतिनिधि सभको दुई तिहाईले मात्र महाअभियोग लगाउन पाउने विषय सुनुवाई समितिका पन्ध्र जना सदस्यहरुले अस्वीकृत गर्दा संवैधानिक व्यवस्थाको उपहास भएको होकी भन्ने आज चौतर्फी प्रश्न उठेको छ । पूर्व सम्माननीय प्रधान न्यायाधीश शुशीला कार्कीमाथिको महाअभियोग, पूर्व प्रधान न्यायाधीश गोपाल पराजुलीको असंवैधानिक बहिरगमन, तत्कालिन का.मु.प्रधान न्यायाधीश दिपकराज जोशीको प्रधान न्यायाधीश पदमा अस्वीकृत, संविधानको धारा १०१ को दुई तिहाई बहुमतबाट महाअभियोग पारित गर्नुपर्ने, एक चौथाईले महाअभियोग पेश गर्नुपर्ने, टुङ्गो नलागुन्जेलसम्म न्याय सम्पादन गर्न नपाउने जस्ता संवैधानिक संरचना तथा व्यवस्थाले पनि स्वतन्त्र न्यायपालिकामाथिको महाअभियोग हस्तक्षेपको अस्त्रको रुपमा प्रयोग हुन सक्ने मौजुदा संवैधानिक व्यवस्थाले न्यायपालिका स्वतन्त्र, सक्षम, उत्तरदायीपूर्ण हुन नसकेको हो कि भन्ने सार्वजनिक प्रश्न सँगै सर्वोच्च अदालतका न्यायाधीशहरु बीचको गुटबन्दी र बेञ्च बहिष्कारले पनि न्यायलयको गरिमामा आँच पुग्न गएको, प्रतिष्ठा गिरेको, जनआस्था घटेको उपर सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहन्छौं ।

देशमा भ्रष्टाचार यत्रतत्र व्याप्त छ । यसबाट न्यायपालिका पनि अछुतो रहन सकेको छैन । न्यायलयबाट हुने फैसलाहरु, आदेशहरु कार्यान्वयन हुन सकेका छैनन् । सर्वोच्च अदालतमा मुद्दाको चाप एकदमै बढी छ । त्यही अनुपातमा न्यायाधीशहरुबाट फैसला हुन नसकेको र फैसला आदेशहरुको लेखन कार्य ढिलो रहेको मात्र होईन कुनै फैसला एक वर्षसम्म पनि लेख्ने कार्य नभएको अवस्था एकातीर छ भने अर्कोतर्फ भएका फैसला कार्यान्वयन अझै जटिलता देखिन्छ, कागजी रुपमा प्राप्त गरेको न्याय व्यवहारमा उतार्न नसकेको र यसबाट सेवाग्राहीहरुलाई अन्यया परेको हुँदा यसतर्फ सम्बन्धीत निकायको ध्यान केन्द्रित गरी सरल, सहज रुपमा सेवाग्राहीलाई न्याय प्रदान गर्ने न्यायलय, कानून व्यवसायी, प्रशासनको अहम भूमीका रहने हुँदा यसप्रति सबैले सम्बेदनशील भई आ–आफ्नो जिम्मेवारी पुरा गर्नुपर्ने देखिन्छ ।

नेपाल बार एशोसिएशनको बिधान, २०४८ (छैठौं संशोधन सहित) अनुसार ३/३ बर्षमा हुने नेबाए केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गर्नका लागि नेवाएले २०७५ मङ्सिर ६ गतेका दिन बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट बरिष्ठ अधिवक्ता दामोदार खड्का प्रमुख निर्वाचन अधिकृत, बरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, बरिष्ठ अधिवक्ता डा. सुषमा बास्कोटा बराल, अधिवक्ता शिवप्रसाद रिजाल र अधिवक्ता विजय सिंह समेतको पाँच सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । निर्धारित कार्यतालिका अनुसार नेबाए केन्द्रिय कार्यसमितिको निर्वाचन मिति २०७५/१२/१६ शनिबारका दिन सम्पन्न भई नयाँ कार्यसमितिले पदभार ग्रहण गरि कार्य प्रारम्भ गर्न गइरहेका छौं । निर्वाचन सफलतापूर्वक सुसम्पन्न गर्नु भएकोमा प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृतहरु, सम्पूर्ण मतदाताज्यूहरु, नेबाएका कर्मचारी मित्रहरु तथा सम्पूर्ण महानुभावहरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाल बार एशोसिएसन (नेबाए) को २४ औं कार्यसमितिको निर्वाचन पश्चात हाम्रो कार्यसमितिद्वारा तीन वर्षे कार्यकालमा सम्पादन गरिएका मुख्य–मुख्य कार्यक्रमहरुको विवरण सार सङ्क्षेप रुपमा प्रस्तुत गर्न गईरहेको छु ।

नेबाएको मिति २०७३/०१/०७ गते बसेको केन्द्रिय कार्यसमितिको पहिलो बैठकबाट राष्ट्रियता, सार्वभौमसत्ता, स्वाभिमानमा गर्व गर्ने राष्ट्रिय गान नेबाएको कुनै पनि औपचारिक कार्यक्रम, सभा–समारोह सञ्चालन गर्दा अनिवार्य रुपमा राष्ट्रिय धुन सहित राष्ट्रिय गानमार्फत औपचारिक रुपमा कार्यक्रम सञ्चालन गर्ने गराउने निर्णय भए बमोजिम निरन्तर रुपमा भईरहेको छ ।

## (क) संविधानको पूर्ण कार्यान्वयनका सम्बन्धमा

- **मधेश आन्दोलन सम्बन्धमा**

मिति २०७३ साल बैशाख ९ गते बसेको केन्द्रिय कार्य समितिको वैठकले नेबाएका उपाध्यक्ष अधिवक्ता विनय सिंहको संयोजकत्वमा सदस्य-सचिव अधिवक्ता कृष्णप्रसाद पनेरु, सस्यहरुमा केन्द्रिय सदस्य अधिवक्ता ज्ञानेन्द्रप्रसाद अधिकारी, अधिवक्ता हरिनारायण चौधरी, अधिवक्ता इन्दु कोईराला, अधिवक्ता मधुर पाठक र अधिवक्ता रमणकुमार कर्ण रहनु भएको मधेश आन्दोलन सत्य तथ्य छानविन समिति गठन गरिएको र २०७२ सालमा भएको मधेश आन्दोलनको क्रममा भएको मानव अधिकार उल्लंघनका लगायत विभिन्न माग सम्बन्धमा स्थलगत निरीक्षण गर्न तथा सत्य तथ्य पत्ता लगाउने प्रयोजनका लागि समिति गठन गरी मधेश आन्दोलनका क्रममा भएका मानवअधिकार हननको विषयलाई नेबाएले नजिकबाट सिंहाबलोकन गरी नेपाल सरकारलाई जानकारी गरायएको थियो ।

- **संविधान कार्यान्वयनका सम्बन्धमा**

मिति २०७३ साल जेठ ३१ गते बसेको केन्द्रिय कार्य समितिको वैठकले नेवाए पूर्व अध्यक्ष तथा वरिष्ठ अधिवक्ता शम्भु थापाको संयोजकत्वमा नेवाए केन्द्रिय सदस्य अधिवक्ता ज्ञानेन्द्र प्रसाद अधिकारी सदस्य सचिव र सदस्यहरुमा वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादव, वरिष्ठ अधिवक्ता कमलनारायण दास, वरिष्ठ अधिवक्ता विष्णु भट्टराई, वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, वरिष्ठ अधिवक्ता सविता भण्डारी वराल, अधिवक्ता रमनकुमार श्रेष्ठ र अधिवक्ता सतिशकुमार झा रहनु भएको समितिले संविधान कार्यान्वयनको सम्बन्धमा नेवाएको तर्फबाट सहजकर्ताको भूमिका निर्वाह गर्न उद्देश्यले प्रमुख राजनैतिक दलहरु नेपाल सरकार र संघीय गठवन्धन लगायतका बीचमा वार्ताको लागि सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्नका लागि समिति गठन गरी तत् तत् निकायहरुसँग पटक पटक उच्चस्तरीय छलफल कार्यक्रम समेत सम्पन्न गरी नेपालको संविधान कार्यान्वयनका लागि पहल गर्ने कार्य सम्पन्न गरियो ।

संविधानसभाद्वारा २०७२/६/३ गते नेपालको संविधान जारी हुनु केही समय अगावैदेखि संविधानमा निश्चित वर्ग र क्षेत्रको अधिकारलाई संविधानमा सुनिश्चित नगरिएको भन्दै विगत लामो समयदेखि देशमा आन्दोलन, द्वन्द्व चलिरहेको सन्दर्भमा देशले नाकाबन्दी समेत झेल्नु परेको यथार्थ हामी माझ अझै ताजै रहेको छ ।

संविधान जारी भएको लामो अवधि वेतित भई सकेको तर संविधानले आन्दोलनरत दलहरुको मागलाई सम्बोधन नगरेको भन्ने समेत आधारमा आन्दोलनरत गठवन्धन / दल / मोर्चा सम्मिलित आन्दोलनप्रति नेबाएको गम्भीर ध्यानाकर्षण भएबाट वार्ता-सम्वाद-आपसी छलफल-सहमति-समझदारीबाटै मुलुकको जुनसुकै / जस्तोसुकै समस्याको समाधान हासिल गर्न सकिन्छ भन्ने दृढ विश्वास र यसप्रतिको मान्यतालाई आत्मसाथ गर्दै आन्दोलनरत दल / मोर्चा / संघीय गठबन्धन प्रतिपक्षी दल र नेपाल सरकार समेतसँग वार्ता गर्न, वार्ता सहजीकरण समिति गठन भएबाट नेपाल सरकारमा संलग्न राजनीतिक दल तथा प्रतिपक्षमा रहेका राजनीतिक दलहरुसंग वार्ता सहजीकरण समिति भेटघाट, छलफल गरी वर्तमान समस्याको समाधानमा सहयोग गर्ने उद्देश्यले वार्ता सहजिकरण समिति क्रियाशिल रही आन्दोलनरत पक्ष तथा सरकारमा रहेका राजनीतिक दल र प्रतिपक्ष दल समेतसंग विभिन्न चरणमा वार्ता गरिएको तर राजनीतिक समिकरण परिवर्तन पछि उक्त कार्यमा स्वयं नेपाल सरकारले आफै पहल गरिरहेको अवस्था विद्यमान भए पनि समस्या समाधान भई नसकेको अवस्थामा नेबाएले निर्वाह गरेको भूमीका महत्वपूर्ण रहेको छ ।

- **न्याय परिषद् सदस्य सिफारिस सम्बन्धमा**

नेबाएको २०७३ साल भाद्र २६ गते बसेको केन्द्रीय कार्यसमितिको पदाधिकारी तथा सम्पूर्ण सदस्यहरुको शत प्रतिशत उपस्थिति भई बसेको बैठकले न्याय परिषद्को सदस्यमा नेपालको संविधानको धारा १५३(ङ) बमोजिम न्याय परिषद्को सदस्यमा वरिष्ठ अधिवक्ता रामप्रसाद सिटौलालाई नेवाएको तर्फबाट राष्ट्रपति समक्ष नियुक्तीका लागि र सो अगावै संसदीय सुनाईका लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

## (ख) न्यायपालिकाको जन आस्था अभिबृद्धि सम्बन्धमा

- **उच्चस्तरीय बेञ्च बार समन्वय समिति**
  मिति २०७३ जेठ ११ गते मुद्दा व्यवस्थापन लगायतका तत्सम्बन्धी समसामयिक विषयहरुमा आपसी छलफल, परामर्श तथा समन्वय गर्नु पर्ने आवश्यकतालाई हृदयङ्गम गरी सर्वोच्च अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा गठन गरिएको उच्चस्तरीय बेञ्च बार समन्वय समितिको सदस्य पदमा नेबाएकोतर्फबाट अध्यक्ष श्री शेरबहादुर के.सी., विजयकान्त मैनाली, रमणकुमार श्रेष्ठ, विजयप्रसाद मिश्र र महासचिव खम्मबहादुर खाती सम्मिलित उच्चस्तरीय बेञ्च बार समन्वय समिति गठन गरी क्रियाशील रहेको छ ।

- **नेपाल बार एशोसिएशनको विरोध कार्यक्रम सम्बन्धमा**
  उच्च अदालतका न्यायाधीश नियुक्तीको सिफारिस गरिएको विषयमा छनोटका आधार तथा मापदण्ड पारदर्शि नरहेको, परिषद्का २ जना सदस्यहरु वरिष्ठतम् न्यायाधीश वैद्यनाथ उपाध्याय र राम प्रसाद सिटौलाको अनुपस्थितिमा परिषद्को कार्यक्रम मध्यरातमा अस्वभाविक ढङ्गले नेपालको संविधानको धारा ४२, १४०, १५३ तथा न्यापरिषद् ऐन २०७३ को दफा ५(१) को प्रतिकुल हुने गरी समानुपातिक समावेशी नभएको, महिला, दलित, आदीवासी, जनजाती, मधेसी, पिछडिएको क्षेत्र समेतको उचित प्रतिनिधित्व नभएको प्रकृया र पद्दतिको ठाडै उल्लंघन गरिएको संवैधानिक इजलास गठन नगरेको, मुद्दा पेशी व्यवस्थापन उचित नभएको नेवाएको अस्तित्वलाई प्रधान न्यायाधीश तथा न्याय परिषद्का तत्कालिन अध्यक्षबाट नेबाए र कानून व्यवसायीको अस्तित्वलाई स्वीकार नगरी निषेधको मानसिकताबाट अग्रसर भई संविधानले निर्धारण गरेका कतिपय व्यवस्थाको पालना गर्न वर्तमान प्रधान न्यायाधीशको नेतृत्वदायी भूमिकाबाट पन्छि स्वतन्त्र सक्षम उत्तरदायी न्यायपालिकामा प्रत्यक्ष रुपमा असर पर्ने गरी निर्देशित न्यायपालिका वनाउन खोजेको हुँदा उक्त कार्यबाट कार्यबाट स्वतन्त्र सक्षम, न्यायपालिकाको जवाफदेहिता, न्याय प्रति आम जनताको अपेक्षा भन्दा बाहिर गएको नेबाएले ठहर गरी विभिन्न मितिमा प्रेश विज्ञप्ती समेत जारी गरेकोमा बार र वेञ्च एक अर्कोको परिपुरक भएको हुँदा आपसि सर सल्लाह, सम्बाद र सहमति विच मात्र बेञ्च र बारको अस्तित्व कायम रहन सक्छ भन्ने ठहरका साथ नेवाए र सर्वोच्च अदालत विच मिति २०७३/१०/१८ मा सम्झौता भएकोमा हालसम्म उक्त सम्झौता पुर्ण कार्यान्वियनका लागि ढिला भएको अवस्था विद्यमान छ ।

  न्यायपालिकाकामा देखिएको ढिलासुस्ती, विकृति र विसंगति लगायतका विषयहरुमा नेबाए केन्द्रीय कार्यसमितिले सल्लाहकार लगायत मुलुकभरीकै बार इकाईहरु तथा कानुनव्यवसायीसँग निरन्तर छलफल र परामर्शहरु गर्दै आएको छ । अदालतप्रति घट्दै गएको जनआस्था संविधान ऐन कानूनको परिपालना, शक्ति पृथकीकरण सिद्धान्तको परिपालना, विभिन्न समयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको व्याख्यामा देखिएको अनुकुलता र प्रतिकुलतामा भएका व्याख्या, टिका टिप्पणी, लगाएतका गम्भीर विषयमा स्वतन्त्र सक्षम, उत्तरदायित्वपूर्ण न्यायपालिकामा देखिएको चुनौतीप्रति नेवाएले विधिको शासन, कानूनी राज, मानव अधिकारको संरक्षणका लागि बार र वेञ्च विचको सुमधुर सम्बन्ध कायम राख्ने प्रतिवद्धता बमोजिम हामी क्रियाशील रहेका छौं ।

## (ग) संस्थागत विकासका सम्बन्धमा

नेपाल बार एशोसिएशनको विभिन्न मितिमा भएका महत्वपूर्ण निर्णहरु :

- **सचिवालय**
  नेबाएको विधान २०४८ बमोजिम दैनिक कार्य सञ्चालनका लागि महासचिव खम्मबहादुर खातीको संयोजकत्वमा क्रमशः कोषाध्यक्ष ज्ञानरत्न शाक्य सदस्य, अरुण पौड्याल, कृष्णकुमार आङ्देम्वे र सानुमैया महर्जन सदस्य रहेको केन्द्रिय सचिवालय गठन गरिएको छ ।

नेपाल बार एशोसिएशनको बिधान २०४८ बमोजिम केन्द्रीय कार्यसमितिका सदस्य श्री ईन्द्रबहादुर अधिकारीलाई केन्द्रीय कार्यसमितिको बैठकबाट सचिव पदमा नियुक्ति गरी नेबाएको घोषित उद्देश्य तथा दैनिक कार्य सञ्चालन गरिदै आएको छ ।

नेबाएको मिति २०७५ असोज ४ गते वसेको वैठकले नेपाल कानुन व्यवसायी परिषद्, ऐन २०५० को दफा ४(१)(च) को व्यवस्था वमोजिम नेपाल कानुनव्यवसायी परिषद्को रिक्त रहेको पार्षद् पदमा ऋमशः बरिष्ठ अधिवक्ता अनिरुद्र महतो (रौतहट जिल्ला अदालत बार) र अधिवक्ता केदार कार्की (सर्बोच्च अदालत बार) लाई २ बर्षका लागि पार्षद् पदमा मनोयन गरी पठाईएको छ ।

- **एमिकस क्युरीको रुपमा बहस पैरवी**

  सर्वोच्च अदालतबाट आदेश भई एमिकस क्युरीको रुपमा नेवाएको तर्फबाट विभिन्न मुद्धामा विभिन्न मितिमा वहस पैरवीका लागि वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुलाई विज्ञ विशेषज्ञका रुपमा एमिकस क्युरीका लागि वहस पैरवी गर्नका लागि अनुरोध गरी पठाउने कार्य भएको छ ।

- **वैतनिक कानून व्यवसायी र विभिन्न निवेदनका ढाँचाहरु प्रकाशित सम्बन्धमा**

  नेबाएको मिति २०७३ जेठ ३१ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट न्यायमा पहूँच आयोग २०७२ द्वारा सेवाग्राहीले अदालतमा पेश गर्ने गरी सर्वोच्च अदालतको लागि ३२, पुनरावेदन अदालतको लागि ३५ र जिल्ला अदालतको लागि ४० थान निवेदनका ढाँचाहरु प्रकाशित गरेकोमा नेबाएको गम्भीर ध्यानाकर्षण भई उक्त नमुनाहरु तत्कालै खारेज गर्नका लागि श्री सम्मानित सर्वोच्च अदालत समक्ष जोड्दार माग गरेपनि हालसम्म यो विषय अर्निणित रहेको छ ।

  बैतनिक कानुनव्यवसायी नियुक्ति तथा सेवाका शर्त सम्बन्धी निर्देशिका, २०७२ को दफा ४(१) (क), (ख), (ग) मा छनोट समितिका सम्बन्धमा यसभन्दा अघि छनोट समितिमा प्रत्येक बार एकाइको प्रतिनिधि राख्ने व्यवस्था तथा प्रचलन भएकोमा हाल उक्त व्यवस्था तथा प्रचलन हटाईएकोले यस अघि भएबमोजिमको प्रचलित व्यवस्थालाई कायम गर्नका लागि तत्कालै निर्देशिकालाइ संशोधन गरी बार एकाइको प्रतिनिधिको सहभागितालाई सुनिश्चित गराउनका लागि श्री सम्मानित सर्वोच्च अदालतसमक्ष पत्राचार गरिएको भएपनि हाल सम्म अर्निणित रहेको छ ।

- **केन्द्रिय कानूनी सहायता समिति सम्बन्धमा**

  नेपाल बार एशोसिएशनले केन्द्रिय कानूनी सहायता समिति छिटो, छरितो र पारदर्शिपूर्ण वनाउने उद्देश्यले एकद्वार प्रणालीबाट सञ्चालन गर्नु पर्ने माग केन्द्रिय कार्यसमिति राखेको र यस बारेमा छलफलको ऋममा रहेको निकट भविश्यमा उक्त कार्य नेबाएको नेतृत्वमा पूर्ण रुपमा सञ्चालन गर्नका लागि आवश्यक पहल भईरहेको छ ।

- **उच्च अदालत बारको नामाकरण सम्बन्धमा**

  नेपाल बार एशोसिएशनको २०७३।७।१९ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार पुनरावेदन अदालतहरु उच्च अदालतमा रुपान्तरित भईसकेको अवस्थामा पुनरावेदन अदालत बार एकाइहरुको नामाकरण गर्ने सम्बन्धमा नेपाल बार एशोसिएशनका उपाध्यक्ष अधिवक्ता श्री उषा मल्ल पाठकज्युको संयोजकत्वमा अधिवक्ता श्री मोतिराज गौतम, अधिवक्ता श्री घनश्याम पन्त, अधिवक्ता श्री शालिकराम सापकोटा, अधिवक्ता श्री विनय सिंह, अधिवक्ता श्री मदनकुमार खड्का, अधिवक्ता श्री कुलानन्द उपाध्याय सदस्य रहने गरी राय परामर्श सङ्कलन समिति गठन गरिएकोमा प्राप्त सरसल्लाह र प्रतिवेदनको आधारमा साविक पुनरावेदन अदालत बार एशोसिएशन भएको ठाउँमा उच्च अदालत वार एशोसिएशन नामाकरण गर्ने निर्णय भयो ।

- **बार स्थापना दिवस (बार डे) को उपलक्ष्यमा अतिरिक्त कृयाकलाप**

मिति २०७३ साल पौष ७ गते नेवाएको बार डे (Bar Day) भएको हुँदा उक्त वार डे लाई मध्यनजर राखी काठमाडौँ उपत्यका अन्तर वार इकाई फुटवल प्रतियोगिता संचालन गरी उत्कृष्ट टिम तथा उत्कृष्ट फुटवल खेलाडीको टिम बनाई मार्च २३ देखि २६ मा 3rd Asian Football Cup of Lawyers, ASIAN/APS Hanoi-Vietman मा भाग लिने उद्देश्यले, नेपाल बार एशोसिएशन अन्तर्गतका सम्बन्धित बार इकाइहरु बीच प्रतिस्पर्धा गराई Asian Football Cup for Lawyers मा नेवाएको कोषाध्यक्षको नेतृत्वमा ३५ जना कानून व्यवसायीहरुले नेवाएको तर्फबाट प्रतिनिधित्व गर्ने गरी, मार्च २३ देखि २६, २०१७ मा सहभागी भएको र त्यसबाट नेवाएलाई फेयर प्लेयर अवार्डबाट पुरस्कृत भएकोमा नेपाल बार एशोसिएशन गर्व महसुस गर्दछ ।

नेपाल बार एशोसिएनले विभिन्न स्वास्थ्य संस्थासँगको सहकार्यमा मिति २०७४ साल पुष ७ गते नेपाल बार एशोसिएशनकै प्राङ्गणनमा Liver Function Test, Kidney Function Test, Lipid Profile Test TFT, Urine R/E Test, USG लगायतको Whole Body Checkup Package जस्ता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरेको थियो ।

- **चुनावको अनुगमन तथा पर्यवेक्षण**

नेबाएले मुलुकमा विभिन्न मितिमा सम्पन्न स्थानीय तह, प्रदेश सभा, संघीय संसद (प्रतिनिधि सभा-सदस्य तथा राष्ट्रिय सभा) निर्वाचनको अनुगम/पर्यवेक्षण आफ्नो साधन श्रोतले भ्याएसम्म सम्पन्न गरी आफ्नो प्रतिवेदन निर्वाचन आयोग समक्ष पेश गरेको छ ।

- **विधान संशोधन मस्यौदा समिति गठन गरिएको सम्बन्धमा**

नेबाएको मिति २०७३ पुस २८ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार नेपालको संविधान तथा न्याय प्रशासन ऐन २०७३ नयाँ जारी भएको अवस्थामा अदालतको संरचना समेत परिवर्तन भएको हुँदा सोही वमोजिम नेबाएको विधान, २०४८ मा समेत समय सापेक्ष संशोधन गर्न बान्छनीय भएकोले उपाध्यक्ष बरिष्ठ अधिवक्ता श्री उषा मल्ल पाठकज्यूको संयोजकत्वमा सदस्यहरुमा नेबाए उपाध्यक्षहरु अधिवक्ता श्री मोतिराज गौतम, अधिवक्ता श्री घनश्याम पन्त, अधिवक्ता श्री शालिकराम सापकोटा, अधिवक्ता श्री विनय सिंह, अधिवक्ता श्री मदनकुमार खड्का, अधिवक्ता श्री कुलानन्द उपाध्याय तथा वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे, अधिवक्ता श्री रमेश वडाल, अधिवक्ता डा. श्री दिनमणि पोखरेल, अधिवक्ता श्री कृष्ण तिमिल्सिना, अधिवक्ता श्री पंकज कर्ण र सदस्य सचिवमा नेबाए केन्द्रीय सदस्य अधिवक्ता श्री मधुर पाठक रहेको विधान संशोधन मस्यौदा समिति गठन गरिएको र सो समितिले विधान संशोधन सम्बन्धमा विभिन्न माध्यम र प्रक्रियाबाट प्राप्त गरेको राय सुझाव सहित संशोधित मस्यौदा माथि मिति २०७५ भदौ ४ नेपाल बार एशोसिएशनको आयोजनामा काठमाडौंमा आयोजित विधान संशोधन सम्बन्धी र प्रो-वोनो निर्देशिका सम्बन्धी अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावहरु मध्ये केहि विद्वान विदुषीहरुको मत विधानमा कानून व्यवसायीको प्रमाणपत्र नविकरण गर्दा मापदण्ड निर्धारण गरिनु पर्ने, कानून व्यवसाय पेशामा निरन्तरता रहेका कानून व्यवसायीहरुको मात्र सदस्यता कायम गरिनु पर्ने, निरन्तर १५ वर्ष सम्म पेशामा संलग्न नरहेका कानून व्यवसायीहरुलाई वरिष्ठ अधिवक्ताको उपाधी दिन नहुने र विधानको धारा २५ (१) (च) वमोजिम केन्द्रीय कार्यसमितिको उपाध्यक्ष पदको उम्मेदवार हुनका लागि जुन क्षेत्रबाट उम्मेदवार हुन चाहेको हो सोही क्षेत्रको बार एकाइको सदस्य हुनुपर्ने र सोही प्रदेशका मतदाताहरुबाट निर्वाचित हुनु पर्ने जस्ता सुझावहरु समेत प्राप्त भएकोमा सवै सुझावहरुको समिक्षा विश्लेषण गर्दै २०७५ भदौ ५ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट विधान संशोधन मस्यौदा समितिले पारित गरी उपलब्ध गराएको प्रस्तावलाई अनुमोदन गर्दै भक्तपुरमा सम्पन्न बार्षिक साधारण सभामा प्रस्तुत भई पारित भएको बिधानको तीन महले-

नेपाल बार एशोसिएशनको बिधान २०४८ (छैठौं संशोधन)

| क्र.सं. | संशोधनको प्रस्तावित धारा | साविकको व्यवस्था | हाल संशोधित व्यवस्था | संशोधन हुनु पर्ने आधार र कारण |
|---|---|---|---|---|
| १. | नेबाएको बिधानको धारा ३ (२) (झ) पछि (ञ) थप गर्ने । | नयाँ थप । | (ञ) स्वेच्छिक नि:शुल्क कानुनी सेवा (Pro-Bono) प्रदान गर्न नेबाएबाट | कानुन व्यवसायीले स्वत:स्फूर्त रुपमा नि:शुल्क कानुनी सेवा प्रदान गरि आएको कुरालाई |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्देशिका बनाई संस्थागत गर्ने । | संस्थागत गर्न आवश्यक भएकोले । |
| २. | नेबाएको बिधानको धारा ४ (३) मा संशोधन । | (३) एशोसिएशनको केन्द्र र यसको मातहतमा आवश्यकतानुसार सम्बन्धित जिल्ला, पुनरावेदन र सर्वोच्च अदालत स्तरका एकाइहरू हुने छन् । एकाइहरूको नामकरण सम्बन्धित अदालतको नामबाट गरिने छ । उदाहरणार्थ सर्वोच्च अदालत बार एशोसिएशन, .... पुनरावेदन अदालत बार एशोसिएशन र .... जिल्ला अदालत बार एशोसिएशन इत्यादि । | (३) एशोसिएशनको केन्द्र र यसको मातहतमा आवश्यकतानुसार सम्बन्धित जिल्ला, उच्च र सर्वोच्च अदालत स्तरका एकाइहरू हुने छन् । एकाइहरूको नामाकरण सम्बन्धित अदालतको नामबाट गरिने छ । उदाहरणार्थ सर्वोच्च अदालत बार एशोसिएशन, .... उच्च अदालत बार एशोसिएशन र .... जिल्ला अदालत बार एशोसिएशन इत्यादि । | तत्कालिन पुनरावेदन अदालतको नामाकरण उच्च अदालत कायम भएकोले संशोधन गर्नुपर्ने । |
| ३. | नेबाएको विधानको धारा २५ (१) (ख) | (१) (ख) उपाध्यक्ष – सात ( पूर्वाञ्चल- १, काठमाडौं उपत्यका बाहिरको मध्यमाञ्चल- १, काठमाडौं उपत्यका- १, पश्चिमाञ्चल- १, मध्यपश्चिमाञ्चल – १, सुदूरपश्चिमाञ्चल – १ र खुला क्षेत्र महिला- १ गरी जम्मा ७ जना) । | (१) (ख) उपाध्यक्ष – आठ (प्रत्येक प्रदेशबाट एक एक जना गरी ७ जना र खुला क्षेत्रबाट महिला उपाध्यक्ष १ गरी जम्मा ८ जना) | नेपालको संविधान बमोजिम कायम भएको राज्यको प्रादेशिक संरचना अनुसार नेबाएको बिधान, २०४८ (पाँचौ संशोधन) लाई प्रादेशिक संरचनामा परिणत गर्न र प्रत्येक प्रदेशबाट उपाध्यक्षको प्रतिनिधित्व गर्नका लागि । |
| ४. | नेबाएको बिधानको धारा २५ को उपधारा (२) को (घ) | (घ) पाँचसयभन्दा कम सदस्य संख्या भएकोमा कम्तिमा एक जना महिला सहित १३ सदस्य, पाँच सयदेखि एक हजारसम्म सदस्य | (घ) पाँचसयभन्दा कम सदस्य संख्या भएकोमा कम्तिमा १ (एक) जना महिला सहित १३ (तेह्र) सदस्यीय कार्यसमिति, पाँच सयदेखि एक हजारसम्म सदस्य | प्रष्ट पारिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | संख्या भएकोमा कम्तिमा महिला दुई जना सहित पन्ध्र जना सोभन्दा बढी भएमा कम्तिमा तीन जना महिला सहित १९ जनासम्मको कार्यसमिति साधारण सभाले गठन गर्न सक्नेछ । | संख्या भएकोमा कम्तिमा महिला २ (दुई) जना सहित १५ (पन्ध्र) सदस्यीय कार्यसमिति, एक हजार भन्दामाथि सदस्य संख्या भएकोमा कम्तिमा ३ (तीन) जना महिला सहित १९ (उन्नाइस) सदस्यीय कार्यसमिति साधारण सभाले गठन गर्न सक्नेछ । | |
| ५. | नेबाएको विधानको धारा २५ को उपधारा ५ | (५) खुला क्षेत्र - आठ (काठमाडौं उपत्यका बाहिरबाट १ र खुलाबाट ७ जना ।) | (५) खुला क्षेत्र - सात -काठमाडौं उपत्यकाबाहिरबाट १ जना र खुला क्षेत्रबाट ६ जना ।) *स्पष्टिकरण :* यस बिधानको प्रयोजनका लागि उपत्यका भन्नाले काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लालाई जनाउनेछ । | संघीय संरचना बमोजिम विधान संशोधन गर्नु पर्ने भएबाट । |
| ६. | नेबाएको बिधानमा भएको विकास क्षेत्र शब्दहरुका सम्बन्धमा | नेबाएको बिधानमा भएको ...विकास क्षेत्र' शब्दको सट्टामा प्रदेश शब्द राख्ने गरी रुपान्तरण गर्ने । | नेबाएको बिधानमा भएको ...विकास क्षेत्र' शब्दको सट्टा ...प्रदेश' शब्द रुपान्तरण गर्ने । | विकास क्षेत्रसम्बन्धी अवधारणा समाप्त भई संघीय संरचना बमोजिम प्रदेशहरुको स्थापना भइसकेकोले । |
| ७. | नेबाएको वधानको धारा ५४ पछि ५४ (क) नयाँ थप गर्ने | नयाँ थप | (क) नेबाए पूर्णत मुनाफारहित उद्देश्यले स्थापना भएको संस्था हो । | विधानमा यस विषयमा प्रष्ट नभएको हुँदा प्रष्ट पारिएको । |

- **बार एकाइहरुको गठन**

  नेपाल बार एशोसिएशनको विधान २०४८ (शंसोधन सहित)को दफा ४७(२) वमोजिम विधिवत प्राप्त आवेदन कागजात वमोजिम बिरगञ्ज उच्च अदालत बार एशोसिएशन,जिल्ला अदालत बार एशोसिएशन, रुकुमकोट-पूर्व र यसै गरी जिल्ला अदालत बार एशोसिएशन नवलपुरलाई नेपाल बार एशोसिएशनको विधानको अधिनमा रहने गरी बार एकाइ स्थापनाको स्वीकृती प्रदान गरिएको छ । यसरी हाल सम्म नेपाल बार एशोसिएशनको ८९ एकाइमा विस्तारित भएको छ ।

- **उपाध्यक्ष पदमा मनोनयन**

  नेबाएका सुदूर पश्चिमाञ्चलबाट निर्वाचित उपाध्यक्ष श्री कुलानन्द उपाध्यायले आफ्नो पदबाट राजिनामा दिइ रिक्त रहेको उक्त पदमा नेबाएको केन्द्रिय कार्यसमितिको मिति २०७५ साल वैशाख २७ गतेको वैठकबाट नेवाएको विधान २०४८ को धारा २८(१) (ग) को व्यवस्था वमोजिम अधिवक्ता श्री गंगाराम पाध्यायलाई नेपाल बार एशोसिएशनको उपाध्यक्ष पदमा सहवरणद्वारा मनोनयन गरिएको व्यहोरा निवेदन गर्दछु ।

- **समितिहरु गठन**

नेबाएलाई चुस्त दुरुस्त रुपमा क्रियाशील बनाई घोषित उद्देश्य प्राप्त गर्न नेवाए अन्तर्गतका समितिहरुको गहन भूमिका हुने भएकोले यसलाई आत्मसाथ गर्दै विभिन्न समितिहरु गठन गर्ने कार्य भएको छ । हामीलाई आशा छ गठन गरिएका समितिहरुमार्फत नेबाएको घोषित उद्देश्य पुरा गर्न जीवन्तता प्राप्त हुनेछ ।

- **कानून व्यवासायी महिला वृत्ति विकास कोष सञ्चालन सम्वन्धी विनियमावलीको प्रस्ताव**

कानून व्यवसायी महिलाहरुको पेशागत वृति विकास गर्न वाञ्छनिय देखिएकोले नेपाल बार एशोसिएशनको विधान २०४८ (संशोधन सहित) धारा ५३ को उपधारा १ ले दिएको अधिकार प्रयोग गरी नेपाल बार एशोसिएशनको कार्य समितिद्वारा केन्द्रीय बार्षिक साधारण सभा तथा केन्द्रीय कार्यकारिणी परिषदको ४५ औं वैठकसमक्ष पेश गरीएको जानकारी गराउँदछौं ।

- **कानुनव्यवसायी समन्वय समितिले उठाउनु भएको मागका सम्बन्धमा**

नेपाल बार एशोसिएशन र सल्लाहकार समितिको बीच मिति २०७३ माघ २५ गते बसेको संयुक्त बैठकबाट प्राप्त राय, सल्लाह र सुझाव अनुसार २ नं. प्रदेशमा रहेका नेपाल बार एशोसिएशन अन्तरगतका ईकाइहरु क्रमशः पर्सा, बारा, जनकपुर, सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहटले मिति २०७३/०९/२८ गते न्याय परिषद्को सिफारिसमा उच्च अदालतका माननीय न्यायाधीशहरुको सिफारिस तथा नियुक्तिको विषयलाई लिएर उक्त नियुक्ति नेपालको संविधान र न्याय परिषद् ऐनको विपरित समानुपातिक, समावेशीको सिद्धान्तको प्रतिकूल, गैर संवैधानिक, गैरकानुनी भएको भन्दै विभिन्न विरोध कार्यक्रमहरुलाई निरन्तर अगाडी बढाई रहेको स्थिति कायम रहेको र यसै सम्बन्धमा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालतका बीच मिति २०७३/१०/१८ मा ७ बुँदे सहमति भइसकेको अवस्थामा प्रदेश नं. २ का का कानुनव्यवसायीहरुले उठाउनु भएको मागका सम्बन्धमा वार्ता, छलफल र संवाद गर्नका लागि बरिष्ठ अधिवक्ता श्री कमलनारायण दासको संयोजकत्वमा सदस्यहरु अधिवक्ता श्री शशि कुमारी अधिकारी राउत, अधिवक्ता श्री गोपालकृष्ण घिमिर,अधिवक्ता श्री सुनिलकुमार पोखरेल, अधिवक्ता श्री गोविन्द शर्मा बन्दी, अधिवक्ता श्री हरि फुयाल,अधिवक्ता श्री विजयप्रसाद मिश्र, अधिवक्ता श्री हरिन्द्रकुमार राई, अधिवक्ता श्री सतिशकुमार झा, अधिवक्ता श्री दिनमणि पोखरेल र सदस्य सचिव अधिवक्ता श्री रमण कुमार कर्ण रहेको वार्ता समिति गठन गरी समस्या समाधानका लागि सम्झौता समेत गरी उहाँहरुले उठाउनु भएको प्रस्तावहरुलाई सम्बोधन गरिएको थियो ।

- **IBA मा सहभागिताका सम्बन्धमा**

International Bar Associattion ले नवोदित कानुन व्यवसायीलाई लक्षीत गरि (IBA Developing Bar Programm for Young Lawyers to attend the IBA Annual Conference in Sydney) सन् २०१७ अक्टुवर ८ देखि १३ को कार्यक्रममा ५ जना ३५ वर्ष मुनिका अधिवक्ताहरुलाई sponsorship गर्ने भनी भएको परिपत्र र IBA द्धारा तोकिएको छनौट प्रकृया वमोजिम नेबाएले इच्छुक आवेदकको निवेदन संकलन गरी पठाइएकोमा नेपाललाई छुट्टाइएको ४ जनाको कोटामा १ जना थप गरी जम्मा ५ जना नव प्रवेशी कानून व्यवसायीहरुले Sydney मा गत अक्टोवर ८ देखि १३ सम्म भएको अन्तराष्ट्रिय सम्मेलनमा भाग लिएका थिए । नव प्रवेशी कानून व्यवसायीहरुको लागि यस्ता अवसरले उनीहरुको व्यवसायीक दक्षता र बृत्त विकासमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिइएको छ । यो अवसर प्राप्त गर्ने कानून व्यवसायीहरुमा अधिवक्ताहरु श्री रामहरि त्रिपाठी, श्री राजकुमार खतिवडा, श्री कुमार मगर, श्री सन्तोष भण्डारी र श्री राजेश्वरी महर्जन रहेका थिए । नेपाल बार एशोसिएशनमा नियमित रुपमा कर्मचारीको हैसिएतले सेवारत सिनियर अधिकृत समेतको लागि १ सिट तोकी पठाएकोमा श्री राजकुमार खडकाले समेत सो सम्मेलनमा सहभागीता जनाएका थिए । उपरोक्त सहभागीहरु वाहेक नेबाएका अन्य पदाधिकारी तथा सदस्य कानून व्यवसायीहरु IBA तथा LASWASIA जस्ता संस्थाहरुद्धारा आयोजित विभिन्न सम्मेलनहरुमा आफैँ खर्च व्यवस्थापन गरी सहभागी भएको हो ।

- **लयर्स एकेडेमी विधेयक**

कानुनव्यवसायीहरुको स्तरोन्नती, अभिमुखिकरण तालिम प्रशिक्षण र निरन्तर कानूनी शिक्षा प्राप्तीका लागि विद्येयक प्रस्तावित गरिएको छ । लयर्स एकेडेमी विधेयक उपर मन्त्रीपरिषद्मा सैद्धान्तिक सहमति प्राप्त भई

कानून तथा न्याय मन्त्रालयका सह-सचिव लिला देवी गर्तौलाको अध्यक्षतामा उच्च स्तरीय मस्यौदा समिति गठन भई सो समितिले मस्यौदा गर्ने कार्य अन्तिम भए पश्चात कानून मन्त्रालय र अर्थ मन्त्रालयले स्वीकृती गरी विद्ययेकका रुपमा तत्कालिन संसदबाट पास हुन नसकेको बेहोरा जानकारी गराउँदै यसलाई फेरी संसदसमक्ष प्रस्तुत गरी कार्यान्वयनमा ल्याउनका लागि हामी अहोरात्र क्रियाशील रहेका छौं ।

- **अन्तर्राष्ट्रिय नेटवर्कहरुमा नेबाएको उपस्थिति**

(क) आईबीएको अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी सम्बन्धमा
नेपाल बार एशोसिएशन अन्तराष्ट्रिय बार एशोसिएशन (आईबीए), ल एशिया, सार्क ल समेतको क्रियाशील सदस्यको रुपमा नेपालकोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै सन्दर्भमा संस्थागत रुपमा नेवाएको तर्फबाट प्रतिनिधित्व गर्दै आफ्नो व्यक्तिगत खर्चमा नेबाएका अध्यक्ष अधिवक्ता श्री शेरबहादुर के.सी., महासचिव श्री खम्मबहादुर खाती, कार्यसमिति सदस्य श्री इन्द्रबहादुर अधिकारी, बरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने आईबीएको अन्तर्राष्ट्रिय सम्मेलन (१८ सेप्टेम्बर देखि २३ सेम्टेम्बर २०१६) मा भाग लिनका लागि मिति २०७३ भाद्र २९ गतेका दिन संयुक्त राज्य अमेरिकाको वासिङटन डि.सी.मा गई नेवाएको सम्पूर्ण गतिविधि IBA, अध्यक्षलाई जानकारी गराउनका साथै विभिन्न विषयमा आफ्नो धारणाहरु राखेको थियो ।

(ख) नेपाल बार एशोसिएशनको तर्फबाट UNDP को Sponsorship मा नेवाएका अध्यक्ष शेरबहादुर के.सी. र महासचिव खम्मबहादुर खाती 2nd Internationla conference on Access to Legal Aid in Criminal Legal Systems (November 15 to 17, 2016 Buenos Aires, Argentina) मा सहभागी भई नेवाएको तर्फबाट आफ्नो धाराण प्रस्तुत गरिएको थियो ।

(ग) नेवाएको तर्फबाट China-South Asia Legal Forum को निमन्त्रणामा "Strengthening Legal Interconnectivity & Jointly Building ‘Belt and Road’ Kunming मा १४ देखि १६ डिसेम्वर २०१६ मा भएको कार्यक्रममा व्यक्तिगत खर्चमा नेवाएका महासचिव खम्मबहादुर खातीले सहभागीता जनाई कार्यपत्र समेत प्रस्तुत गर्ने कार्य भएको थियो ।

(घ) ल एशिया सम्मेलन जापान टोकीयोमा अक्टोबर २०१७ मा भएको ल एशिया सम्मेल २०१७ मा नेबाएकोतर्फबाट कोषाध्यक्ष अधिवक्ता ज्ञानरत्न शाक्यको नेतृत्वमा केन्द्रीय सदस्य अधिवक्ता श्री लक्ष्मण आचार्य, श्री तेजप्रसाद ढकालज्यूले सक्रिय रुपमा सहभागिता जनाउनु भएको थियो । यस प्रकारका सहभागिताले अनुभव आदान प्रदान तथा अन्तर्राष्ट्रिय सञ्जालमा हाम्रो सक्रिय सहभागिता रहने हामीले विश्वास गरेका छौं ।

(ङ) 25-27 October 2018 मा HongKong मा व्यक्तिगत खर्चमा Probono सम्बन्धी South Asia Conference 2018 मा नेपाल बार एशोसिएशनकोतर्फबाट महासचिव श्री खम्मबहादुर खाती र सचिव इन्द्रबहादुर अधिकारीले सक्रियतापूर्वक सहभागिता जनाई Probono सम्बन्धी नेपालको आवश्यकता तथा नेपालमा विकसित भईरहेको विषयवस्तुका सम्बन्धमा जानकारी गराउनु भएको थियो ।

(च) Third International Conference on ACCESS TO LEGAL AID IN CRIMINAL JUSTICE SYSTEMS November 13 - 15, 2018 Tbilisi, Georgia मा सम्पन्न भएको कार्यक्रममा नेपाल बार एशोसिएशनको तर्फबाट अध्यक्ष ब.अ. शेरबहादुर के.सी., र महासचिव अधिवक्ता खम्मबहादुर खातीले सक्रिय रुपमा सहभागिता जनाउनु भएको थियो । सम्मेलनमा सहभागीताले नेपालमा पनि फौजदारी न्यायका लागि कानूनी सहायता अपरिहार्य रहेको हुँदा यसलाई संस्थागत रुपमा कार्य प्रारम्भ गर्नका लागि आन्तरिक छलफल भईरहेको छ । यस सम्मेलनको सम्पूर्ण खर्च UNDP A2J बाट भएको थियो ।

(छ) IBA Conference 2017, USA मा नेपाल बार एशोसिएशनकोतर्फबाट केन्द्रीय कार्यसमिति अध्यक्ष बरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., महासविच अधिवक्ता श्री खम्मबहादुर खातीले सक्रियतापूर्वक सहभागिता जनाउनु भयो । यो सम्मेलन सहभागिताका लागि आवश्यक पर्ने खर्चको व्यवस्थापन व्यक्तिगत रुपमा नै व्यवस्थापन गरिएको थियो ।

(ज) २०१७ नोभेम्बर ६ देखि ११ सम्म मलेसियाको क्वालालम्बपुरमा Asia Pro Bono Consortium to begin preparations for the 6th Asia Pro Bono Conference (6APBC) नेपालमा Pro Bono सम्बन्धी गरिने व्यवस्था सम्बन्धी धारणा पेश गरिएको थियो । सम्मेलनमा ASD को आंशिक सहयोगमा नेबाएका महासचिव श्री खम्मबहादुर खातीज्यूले सक्रियतापूर्वक भाग लिनु भयो ।

(झ) IBA Conference 2018, Germeny मा Corporate Governance सम्बन्धी Conference मा नेपाल बार एशोसिएशनकोतर्फबाट केन्द्रीय कार्यसमिति सदस्य श्री लक्ष्मण आचार्यले र तेज प्रसाद ढकालले सक्रियतापूर्वक सहभागिता जनाउनु भयो । यो सम्मेलन सहभागिताका लागि आवश्यक पर्ने खर्चको व्यवस्थापन व्यक्तिगत रुपमा नै व्यवस्थापन गरिएको थियो ।

- **<u>अन्तराष्ट्रिय संघ-संस्थामा आवद्धता र सदस्यताको नविकरणः</u>**
  - ✓ IBA र LAWASIA को सदस्यता नविकरणः नेपाल बार एशोसिएशनको सदस्यता सन् २०१९ सम्मको लागि नविकरण गरिएको छ ।
  - ✓ BIRLA सदस्यताः All China Lawyers Association का अध्यक्ष Wang Junfeng ले २६ सेप्टेम्वर २०१७ मा नेपाल बार एशोएिशनका अध्यक्षलाई Invitation for Joining the Belt and Road International Lawyers Association (BIRLA) विषयक अनुरोध परिपत्र र सोको चार्टर समेत पठाइ गरेको अनुरोध वमोजिम नेपाल बार एशोसिएशनले सो सस्थाको सदस्यता प्राप्त गरी यससँगका सहकार्य सम्बन्धमा विभिन्न पत्राचारहरु प्रारम्भ भएका छन् । यसले हामीलाई अन्तर्राष्ट्रिय सञ्जालमा कानूनी विषयमा अनुभवको आदान प्रदान तथा सहजता प्रदान गर्ने लक्ष राखिएको छ ।

- **<u>नर्वेजियन बार एशोसिएशनका प्रतिनिधिसँगको बैठकः</u>**

नेपाल बार एशोसिएशन मार्फत नेपालमा कानूनी सहायता र मानव अधिकारको क्षेत्रमा विगत २५ वर्ष सम्म निरन्तर सहयोग गर्दै कानूनी सहायताको संस्थागत व्यवस्था र सुदृढीकरणमा अमूल्य योगदान पुर्‍याउने नर्वेजियन बार एशोसिएशनका प्रतिनिधि Mr. Vidar Raugland / Mr. Knut -John Onarheim गत ८ जुन २०१८ मा नेपाल आउनु भएको र नेपाल बार एशोसिएनको कार्य समितिसँग बैठक बसी नेपालमा कानूनी सहायताको वर्तमान अवस्था र नेपाल बार एशोसिएशन र नर्वेजियन बार एशोसिएशन विचको सहकार्यका सम्बन्धमा विभिन्न कोणबाट समिक्षात्मक छलफल भएका छन् । आगामी दिनमा नेपाल बार एशोसिएशन र नर्वेजियन बार एशोसिएशन विच पुनः सहकार्यका सम्भावनाहरुको आवश्यक अध्ययन गरी निर्दिष्ट कार्यक्षेत्रको पहिचान गरी सहकार्य अगाडि वढ्ने सहमति समेत भएको व्यहोरा जानकारी गराउँदछु ।

यसैगरी नेबाएको तर्फबाट विभिन्न संघ संस्था गोष्ठी, सेमिनार, तालिममा आमन्त्रण गरिएकोमा नेवाएको तर्फबाट प्रतिनिधि खटाई उक्त कार्यक्रमा सक्रियताका साथ भाग लिएको र विभिन्न अन्तराष्ट्रिय संघ संस्था ILF को प्रतिनिधि, जापानिज बार एशोसिएशनका प्रतिनिधि, चाइना बार एशोसिएशनका प्रतिनिधि, IBA का Senior Legal Consultant, Management And Policy Department Chief Anurag Ban, युरोपियन युनियनका प्रतिनिधि, जापानिज राजदूत, अमेरिकी राजदूत, भारतीय राजदूत, जाईका प्रतिनिधि, क्यानेडियन बारका प्रतिनिधि, नर्वेजियन बारका प्रतिनिधि, नर्वेजियन राजदूत, अमेरिकन बार एशोसिएशनका प्रतिनिधि, UNDP का प्रतिनिधि, DLA Piper का प्रतिनिधि, Women Lawyers Joining Hands का प्रतिनिधि, IDEA International का प्रतिनिधि, कानून समाजका प्रतिनिधि लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरु तथा संघ संस्था संग सुमधुर सम्बन्ध कायम रहेको र यसले भविष्यमा नेबाएका कार्यक्रमहरुलाई सहयोग पुर्‍याउने बचन वद्धताका साथ यसले सकरात्मक परिणाम ल्याउने अपेक्षा लिएको छ ।

- **<u>निःशुल्क कानुनी सहायता</u>**

असहाय पक्षलाई प्रदान गर्दै आएको कानुनी सहायताको सेवालाई निरन्तरता दिने उदेश्यले नेबाएको सचिवालय मार्फत निःशुल्क कानुनी सेवा प्रवाह भईरहेको छ । परामर्श पश्चात पीडित व्यक्तिहरुका लागि आवश्यक पर्ने कानुनी उपचार प्रदान गर्नका लागि जिल्ला तथा पुनरावेदन बार एकाइहरुलाई पत्रमार्फत निःशुल्क कानुनी सहायता प्रदानका लागि सिफारिस गरिने प्रणालीको विकास गरिएको छ । अतः सिफारिस भई गएका असहाय पक्षलाई निःशुल्क कानुनी सहायता प्रदान गर्नका लागि सहभागि हुनु हुने कानुनव्यवसायीज्यूहरुलाई नेबाएकोतर्फबाट हार्दिक धन्यवाद समेत ज्ञापन गर्दछौं । यस कार्यका लागि राष्ट्रिय महिला आयोगबाट नेबाएलाई आंशिक रकम दिने सम्झौता भएको छ ।

- **आय व्यय विवरणको लेखापरीक्षण**

  नेबाएको लेखा परिक्षण गर्नको लागि RAJ MS & Co., Chartered Accountants लाई लेखापरीक्षक नियुक्ती गरि नेबाएको आय तथा व्ययको लेखापरीक्षण समयमा नै गराई नेपाल सरकार, आन्तरिक राजश्व कार्यालय पुतलीसडकमा आय व्यय विवरण प्रस्तुत गरी आय कर छुट प्रमाणपत्रलाई नवीकरण गरिएको छ ।

- **नेबाएमा कार्यरत कर्मचारीहरुको पद समायोजन/पदोन्नती**

  नेबाएमा कार्यरत कर्मचारीहरुहरुको पद समायोजन/पदोन्नतीका लागि कोषाध्यक्ष ज्ञानरत्न शाक्य, अरुण पौडेल र कृष्ण कुमार आङ्देम्बे सम्मिलित एक कार्यदल गठन गरि कर्मचारीहरुको पदोन्नती तथा पद समायोजन गरिएको छ । यसले गर्दा नेबाएको केन्द्रीय सचिवालयबाट सम्पादन हुने कार्यहरुमा चुस्त रुपमा सञ्चालन हुने विश्वास लिइएको छ । यसै गरी नेबाएको साधन र स्रोतलाई मध्यनजर गरी नेबाएको कर्मचारी विनियमावली, २०७० अनुसार कर्मचारीहरुलाई तलब बृद्धि गरी र भईरहेको पद श्रेणीलाई कर्मचारी विनियमावली,२०७० अनुसार समायोजन गरी कर्मचारीहरुको पद अनुसार र कार्य सम्पादन मूल्याङ्कन तथा अनुभवका आधारमा जिम्मेवारी दिई नेबाएप्रति उत्तरदायी हुने गरी कर्मचारीहरुको कार्य विभाजन (Job Description) सहित पद समायोजन/पदोन्नती गरी नेपाल सरकारले निर्धारण गरे बमोजिको तलब सुबिधा प्रदान गर्ने प्रणालीलाई स्थापित गर्ने निर्णय गरिएको जानकारी गराउँदछौं ।

  नेपाल बार एशोसिएशनमा कार्यरत रहेका कर्मचारीहरुको पद समायोजन तथा पदोन्नतीका लागि नेपाल बार एशोसिएशनको कर्मचारी प्रशासन विनियमावली, २०७० को देहाय बमोजिम संसोधन गर्न आवश्यक देखिएकोले कार्यसमितिको बैठकबाट पारित गरी यस गरिमामय सभा समक्ष पेश गरिएको छ । यस विषयमा अझै थप प्रष्ट पार्नु पर्ने विषय भएमा यहाँहरुको सुझावको उच्च मूल्याङ्कन गर्ने प्रतिवद्धता व्यक्त गर्दै पारित गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

विनियमवलीको परिच्छेद ५ को विनिम ५१ १ (क) मा र (क) पछि संशोधन गर्न वान्छनीय रहेका बुँदाहरु :-

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन हुनु पर्ने आधार र कारण |
|---|---|---|---|
| १. | परिच्छेद ५ को दफा ५४ (१)<br>(क) व्यवस्थापकीय तथा अधिकृत श्रेणीको पदमा बढुवा हुनको लागि सात वर्ष, | परिच्छेद ५ को दफा ५४ (१)<br>(क) व्यवस्थापकीय तथा अधिकृत श्रेणीको पदमा बढुवा हुनको लागि तीन वर्ष वा सोभन्दा बढी सेवा अवधि पुरा गरेको,<br>(क१) नेबाए कर्मचारी विनियमावली २०७० मिति २०७१।१।१ देखि लागु गरिएकोमा सो अनुसार पद समायोजन नगरिएको अवस्थामा सहायक अधिकृत पदलाई अधिकृत तृतीय श्रेणी पदमा कायम गरी समायोजन गर्न सकिनेछ, | सात वर्ष धेरै लामो अवधी भएको हुँदा संशोधन गर्नु बान्छनीय भएकोले । |
| २. | साविकमा व्यवस्था नभएको । | परिच्छेद ५ को दफा ५४ (१)<br>(ग) नेपाल बार एशोसिएशनको सहायक श्रेणी, सहयोगी श्रेणी र चालक श्रेणीबाट माथिल्लो पदमा पदोन्नती हुनका लागि आवश्यक शैक्षिक योग्यता तथा कार्य मूल्याङ्कन तथा अनुभवका आधारमा पदोन्नती गर्न सकिनेछ ।<br>१. सहायक श्रेणीमा नियुक्ति वा पदोन्नती भएको कम्तीमा तीन वर्ष र शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण गरेकोलाई अधिकृत श्रेणीमा पदोन्नती गर्न सकिनेछ ।<br>२. सहायक श्रेणीमा नियुक्त भई कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको कर्मचारीको अनुभव र कार्य सम्पादन मूल्याङ्कनको आधारमा एक तह अधिकृत पदमा बढुवा गर्न सकिनेछ ।<br>३. सहयोगी श्रेणीमा नियुक्त भएको कम्तिमा पाँच वर्ष वा कार्य अनुभव, कार्य सम्पादन मूल्याङ्कनका आधारमा एक तह बरिष्ठ सहयोगी पदमा पदोन्नती गर्न सकिनेछ ।<br>४. सवारी चालकमा नियुक्त भएको कम्तिमा पाँच वर्ष वा कार्य अनुभव, कार्य सम्पादन मूल्याङ्कनका आधारमा एक तह बरिष्ठ चालक पदमा पदोन्नती गर्न सकिनेछ । | प्रष्ट नभएको हुँदा प्रष्ट बनाई खुलाउन बान्छनीय भएकोले । |

नेबाएको कर्मचारी प्रशासन विनियमावली, २०७० को अनुसुची १ को (ख), (ग) र (घ) लाइ देहायबमोजिम संशोधन गर्न वान्छनीय देखिएको छ :-

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन हुनु पर्ने आधार र कारण |
|---|---|---|---|
| १. | (ख) अधिकृत श्रेणी | (ख) अधिकृत श्रेणी :<br>(१) पहिलो- प्रथम श्रेणी<br>(२) दोस्रो- द्वितीय श्रेणी | नेबाएमा कार्यरत रहेका कर्मचारीहरुको कर्मचारी प्रशासन विनियमावली, २०७० अनुसार विनियम ५ (१) को (ख), (ग) र (घ) मा उल्लेखित पदहरु स्पष्ट रुपमा विभाजन गरी |

| | | | |
|---|---|---|---|
| | | (३) तेस्रो– तृतीय श्रेणी | अनुसूची १ मा उल्लेख नगरिएको अवस्था रहेको हुँदा उक्त विनियम र अनुसूचीमा पद, श्रेणी बिभाजन स्पष्ट खुलाउन वान्छनीय भएकोले |
| २. | (ग) सहायक श्रेणी | (ग) सहायक श्रेणी :<br>(१) पहिलो– प्रथम श्रेणी<br>(२) दोस्रो– द्वितीय श्रेणी<br>(३) तेस्रो– तृतीय श्रेणी | नेबाएमा कार्यरत रहेका कर्मचारीहरुको कर्मचारी प्रशासन विनियमावली, २०७० अनुसार विनियम ५ (१) को (ग) मा उल्लेखित पदहरु स्पष्ट रुपमा विभाजन गरी अनुसूची १ मा उल्लेख नगरिएको अवस्था रहेको हुँदा उक्त विनियम र अनुसूचीमा पद, श्रेणी बिभाजन स्पष्ट खुलाउन वान्छनीय भएकोले । |
| ३. | (घ) सहयोगी श्रेणी | (घ) सहयोगी श्रेणी :<br>(१) सवारी चालक<br>(क) बरिष्ठ चालक (चर्तुथ स्तर)<br>(ख) बरिष्ठ चालक (तृतीय स्तर)<br>(ग) चालक (प्रथम स्तर)<br>(४) कार्यालय सहयोगी<br>(क) बरिष्ठ कार्यालय सहयोगी ( चर्तुथ स्तर)<br>(ख) बरिष्ठ कार्यालय सहयोगी ( तृतीय स्तर)<br>(ग) कार्यालय सहयोगी (प्रथम स्तर) | नेबाएमा कार्यरत रहेका कर्मचारीहरुको कर्मचारी प्रशासन विनियमावली, २०७० अनुसार विनियम ५ (१) को (घ) मा उल्लेखित पदहरु स्पष्ट रुपमा विभाजन गरी अनुसूची १ मा उल्लेख नगरिएको अवस्था रहेको हुँदा उक्त विनियम र अनुसूचीमा पद, श्रेणी बिभाजन स्पष्ट खुलाउन वान्छनीय भएकोले । |

## (घ) तालिम, गोष्ठि, अन्तरक्रिया, सेमिनार तथा बैठक

- **जापनिज दुतावाससँगको सहकार्यमा GGP परियोजनाको शुरुवात**
  
  नेपाल बार एशोसिएशनले जापनिज दुतावास समक्ष विभिन्न बार एकाईहरुमा मेलमिलाप केन्द्र स्थापना गर्ने गराउने उदेश्यले पेश गरेको परियोजना प्रस्ताव/अनुरोध वमोजिम Japanese Grant Assistance for Grassroots Human Security Projects (GGP) कार्यक्रम अन्तरगत दुतावासले प्रस्तावित परियोजनाको विभिन्न अध्ययन/मुल्याङ्कन गरी पहिलो चरणमा नमुना परियोजनाको रुपमा पाटन उच्च अदालत बार एशोसिएशन, ललितपुर जिल्ला अदालत बार एशोसिएशन र भक्तपुर जिल्ला अदालत बार एशोसिएशन अन्तर्रगत व्यवस्थित रुपमा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्यको लागि USD 38,388 अर्थात रु ३९,८०,८३५।६० को अनुदान सहयोग प्राप्त भै उल्लेखित ३ वटा बार एकाईमा मेलमिलाप केन्द्र स्थापना कार्य शुभारम्भ भएको छ । यो नमुना कार्यक्रम रहेकोले यसको प्रभावकारिता अध्ययन गरी अन्य बार एकाइहरुमा समेत परियोजना विस्तारित हुने सम्भावना रहेको छ ।

- **स्वेच्छिक निशुल्क कानुनी सहायता (Pro-Bono) र आचार संहिता सम्बन्धी निर्देशिका**
  
  स्वेच्छिक कानूनी सेवा (Pro-Bono) सम्बन्धी निर्देशिका तयार गरी एक महिना भित्र न्यायमा पहुँच आयोग समक्ष पेस गर्न न्यायमा पहुँच आयोगका सदस्य श्री कुमार इङ्नामज्यूको संयोजकत्वमा गठित समितिमा नेवाएको तर्फबाट नेवाएका उपाध्यक्ष अधिवक्ता श्री मोतिराज गौतमलाई प्रतिनिधि मनोनयन गरि पठाउने कार्य गरेको थियो । उक्त निर्देशिकाको सन्दर्भमा नेवाएको कार्यसमिति र सर्वोच्च अदालत न्यायमा पहुँच समितिविच मिति २०७३ चैत्र २५ गते धुलिखेलमा एक दिने विस्तृत छलफल कार्यक्रम सम्पन्न भए पश्चात उक्त कार्य सर्वोच्च अदालतको क्षेत्राधिकार भित्र नपर्ने र बारको कार्य क्षेत्रभित्र पर्छ भन्ने विषयमा नेबाएलाई सर्वोच्च अदालतले नेबाएलाई पत्राचार गरेपछि नेबाएका महासचिव खम्मबहादुर खाती समेतको अन्य विज्ञहरुको सल्लाहमा स्वेच्छिक निःशुल्क कानूनी सहायता सम्बन्धी निर्देशिकाको मस्यौदा जारी गरी छलफल गर्ने कार्य भयो ।

  नेबाएले कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलिकरण कार्यक्रम (RoLHR/UNDP) सँगको सहकार्यमा स्वेच्छिक कानूनी सेवा (Pro-Bono) सम्बन्धी *मस्यौदा-निर्देशिका* तथा कानून व्यवसायीको आचार संहिता सम्बन्धमा विभिन्न चरणमा प्रदेश स्तरमा समेत स्थानिय बार एकाईका प्रतिनिधि सहभागीज्यूहरुको सक्रिय सहभागितामा परामर्श वैठकहरु सञ्चालन गरिएका छन् । यस अवधिमा सम्बन्धित क्षेत्रका बार एकाईका सदस्य कानून व्यवसायीहरुकै प्रमुख सहभागीतामा प्रत्येक कार्यक्रममा सो क्षेत्रका करिव ५० जना कानून व्यवसायीको सहभागीता रहेको थियो ।

| मिति | कार्यक्रम सञ्चालन गरिएको स्थान |
|---|---|
| २०७४ भदौ २३ र २४ गते | महेन्द्रनगर |
| २०७४ भदौ २५ र २६ गते | नेपालगञ्ज |
| २०७४ भदौ २५ र २६ गते | पाल्पा |
| २०७४ भदौ २७ र २८ गते | ललितपुर |
| २०७४ कात्तिक २४ र २५ गते | धनकुटा |
| २०७४ मंसिर १ र २ गते | विरगञ्ज |
| २०७४ मंसिर १ र २ गते | तनहूँ |

नेबाएले मिति २०७५ भदौ ४ गते काठमाण्डौंमा सल्लाहकार समितिका सदस्यज्यूहरु लगायत अन्य कानून व्यवसायीज्यूहरुको सहभागितामा छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

स्वेच्छिक कानूनी सेवा (Pro-Bono) सम्बन्धी निर्देशिका विभिन्न समयमा विभिन्न स्थानहरुमा भएका घनीभूत छलफल, परामर्श पश्चात भक्तपुरमा सम्पन्न भएको बार्षिक साधारण सभा तथा ४५ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकबाट पारित भएको जानकारी गराउँदछौं ।

- **राय सल्लाह बारे**

  नेपाल बार एशोसिएशन र सल्लाहकार समितिका बीच मिति २०७३ माघ २५ गते बसेको संयुक्त बैठकबाट प्राप्त राय, सल्लाह र सुझाव अनुसार मिति २०७३/०९/२८ गतेका दिन न्याय परिषद्को सिफारिसमा उच्च अदालतका माननीय न्यायाधीशहरुको नियुक्तिको विषयलाई लिएर नेपाल बार एशोसिएशनकोतर्फबाट प्रतिनिधित्व गर्ने न्याय परिषद्का माननीय सदस्य श्री रामप्रसाद सिटौला र प्रधानमन्त्रीबाट सिफारिस भई नियुक्त हुनु भएका न्याय परिषद् सदस्य माननीय श्री पदमप्रसाद वैदिकज्यूसँग न्यायाधीशको सिफारिस र नियुक्तिका सम्बन्धमा जानकारी लिने उद्देश्यले बरिष्ठ अधिवक्ता, पूर्व अध्यक्ष नेबाए श्री प्रेमबहादुर खड्काको संयोजकत्वमा सदस्यहरु बरिष्ठ अधिवक्ता श्री हरिशङ्कर निरौला, बरिष्ठ अधिवक्ता श्री डा. कुमार शर्मा आचार्य, अधिवक्ता श्री जिवना बादे श्रेष्ठ, बरिष्ठ अधिवक्ता श्री सुरेन्द्रकुमार महतोज्यू सम्मिलित उच्चस्तरीय समिति गठन गरी गरिएको छ ।

मुख्य रुपमा २४ औं कार्यसमितिको निर्वाचन पश्चात नेबाएले नियमित सञ्चालन गर्दै आएका तथा विधानबमोजिम देहायबमोजिमको कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएका छन्–

| कार्यक्रम / मिति | मूल नारा | स्थान/आतिथ्यता बार एकाइ |
|---|---|---|
| २५ औं कानून व्यवसायी राष्ट्रिय महिला सम्मेलन–२०७३, भाद्र २४ र २५ गते । | आर्थिक क्षेत्रमा महिला सहभागिताः संवैधानिक हकको सुनिश्चितता । | काठमाडौं । |
| मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन–२०७३, २५ मङ्सिर २०७३ (10 December 2016) | मानव अधिकार र कानूनी शासनः नेवाएको अभियान । | पर्सा जिल्ला अदालत बार एशोसिएशन । |
| ४४ औं कार्यकारिणी परिषद्को बैठक तथा वार्षिक साधारण सभा, २०७३ बैशाख ८ र ९ | नेपाल बार एशोसिएशनको अभियानः नेपालको संविधानको कार्यान्वयन । | पोखरा उच्च अदालत बार एशोसिएशन । |
| २६ औं कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलन २०७४, भाद्र भाद्र १६ र १७ । | संविधान कार्यान्वयनको सार्थकताः हरेक क्षेत्रमा महिला सहभागिता । | सिन्धुली जिल्ला अदालत बार एशोसिएशन । |
| मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन–२०७४, | संविधान कार्यान्वयनमा हाम्रो ऐक्यवद्धताः मानव अधिकार प्रतिको प्रतिवद्धता । | नुवाकोट जिल्ला अदालत बार एशोसिएशन । |

| | | |
|---|---|---|
| २४ मङ्सिर २०७४ (10 December 2017) | | |
| १४ औं अखिल नेपाल राष्ट्रिय कानुनव्यवसायी सम्मेलन सम्बत् २०७४<br>चैत ९, १० र ११, २०७४ । | स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिकाप्रति प्रतिवद्धता, कानून व्यवसायीको पेशागत दक्षता एवं सुनिश्चितता । | नेपालगञ्ज उच्च अदालत बार एशोसिएशन । |
| ४५ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक तथा बार्षिक साधारण सभा<br>२०७५ भाद्र ८ र ९ | संवैधानिक सर्वोच्चता, स्वतन्त्र सक्षम न्यायपालिकाप्रतिको अक्ष्क्षुणताः नेपाल बार एशोसिएशनको प्रतिवद्धता । | भक्तपुर जिल्ला अदालत बार एशोसिएशन । |
| २७ औं कानून व्यवसायी राष्ट्रिय महिला सम्मेलन–२०७५, असोज ५ र ६ गते । | संविधान कार्यान्वयनको प्रभावकारीता आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको रुपान्तरणमा महिला सहभागिता । | काठमाडौं । |
| मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन–२०७५,<br>२५ मङ्सिर २०७५ (10 December 2018) | मानव अधिकारप्रतिको हाम्रो ऐक्यवद्धताः न्यायीक सुशासन र कानूनीराजप्रतिको प्रतिवद्धता । | झापा जिल्ला अदालत बार एशोसिएशन । |
| आ.ब. ०७४/०७५ को वार्षिक साधारण सभा तथा पदभार हस्तान्तरण कार्यक्रम । | २०७६ बैशाख ६ गते, शुक्रबार, नक्साल, काठमाडौं । | आजै सञ्चालनमा रहेको । |

- **कानुनव्यवसायीको क्षमता अभिवृद्धि :**
  नेपाल बार एशोसिएशन र विभिन्न संघ संस्था संगको सहयोग र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरु क्रमसैसँग यहाँ प्रस्तुत गरिएको छ । समयानुकूल नेबाएले सञ्चालन गरेका यस्ता तालिम कर्यक्रमहरुबाट कानुनव्यवसायीहरुको ज्ञान, शिप तथा क्षमताको बिशिष्टिकरण भएको हामीले महसुस गरेका छौ ।

  - UNDP/RoLHR सँगको सहकार्यमा Professional Capacity Enhancement Training for legal Aid Lawyers in Criminal Cases पाँच दिने तालिम कार्यक्रम देहायबमोजिम नौ स्थानमा उत्साहजनक रुपमा सञ्चालन भएका छन । यस तालिम कार्यक्रममा २७० जनाभन्दा बढी कानुनव्यवसायीज्यूहरु सहभागी हुनु भएको थियो ।

| आयोजित स्थान | सहभागी बार/संख्या | मिति |
|---|---|---|
| चितवन | चितवन जिल्ला सेरोफेरोका बार इकाइहरुमा (८ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ जेष्ठ ७ देखि ११ |
| धनगढी | कैलाली जिल्ला सेरोफेरोका बार इकाइहरुमा (१० वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ जेष्ठ २५ देखि २५ |
| ईलाम | ईलाम जिल्ला सेरोफेरोका बार इकाइहरुमा (१० वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ असार १२ देखि १६ |
| सुर्खेत | सुर्खेत जिल्ला सेरोफेरोका बार | २०७३ श्रावण ७ देखि |

| | | |
|---|---|---|
| | इकाइहरुमा (१० वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | ११ |
| दाङ | सुर्खेत जिल्ला सेरोफेरोका बार इकाइहरुमा (८ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ श्रावण ९ देखि १३ |
| काभ्रेपलाञ्चोक | उपत्यका स्तरीय तालिम कार्यक्रम ( १४ वटा) ३० जना । | २०७३ भाद्र ५ देखि ९ |
| बागलुङ | बागलुङ जिल्ला सेरोफेरोका बार इकाइहरुमा (९ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ भाद्र १० देखि १४ |
| बुटवल | बुटवल जिल्ला सेरोफेरोका बार इकाइहरुमा (६ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ कार्तिक ६ देखि १० |
| सप्तरी | सप्तरी जिल्ला सेरोफेरोका बार इकाइहरुमा (९ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ मङ्सिर ११ देखि १५ |

- Refresher Training for Legal Aid Lawyers **तीन दिने तालिम कार्यक्रम देहायबमोजिम दश स्थानमा उत्साहजनक रुपमा सञ्चालन भएका छन् ।**

| आयोजित स्थान | सहभागी बार/संख्या | मिति |
|---|---|---|
| महेन्द्रनगर | महेन्द्रनगर सेरोफेरोका बार इकाइहरुमा (९ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ फागुन ६ देखि ८ |
| बिराटनगर | बिराटनर सेरोफेरोका बार इकाइहरुमा (८ वटा) क्रियाशील रहनु हुने कानुनव्यवसायीहरुमध्येबाट ३० जना । | २०७३ चैत्र ५ देखि ७ |
| नेपालगञ्ज | यि स्थानहरुका सञ्चातिल पुनरताजगी तालिम कार्यक्रममा कार्यक्रम आयोजित जिल्लाका सेरोफेरोका बार एकाइहरुमा आवद्ध ३०० जना भन्दा बढी कानून व्यवसायीज्युहरु लाभान्वित हुनु भएको थियो । | २०७४ बैशाख २२ देखि २४ |
| दाङ | | २०७४ बैशाख २३ देखि २५ |
| ललितपुर | | २०७४ जेठ ७ देखि ९ |
| चितवन | | २०७४ जेठ १३ देखि १५ |
| पोखरा | | २०७४ जेठ १४ देखि १६ |
| जनकपुर | | २०७४ अषाढ ४ देखि ६ |
| झापा | | २०७४ अषाढ ४ देखि ६ |
| भैरहवा | | २०७४ अषाढ ५ देखि ७ |

- Women Lawyers Joining Hands, DLA Piper, Symes, Street and Millard / UNDP **को सहयोगमा ६ दिने** Professional Skills Enhancement Training for Women Lawyers **हरुलाई अन्तर्राष्ट्रिय प्रशिक्षक तथा राष्ट्रिय राष्ट्रिय प्रशिक्षकहरुद्वारा** (Basic **र** Advance) **गरी २ समूहमा गरी**

एकै पटक काठमाडौंमा अन्तराष्ट्रियस्तरको तालिम कार्यक्रम सञ्चालन गरियो । यस तालिम कार्यक्रममा कूल १८० जना कानुनव्यवसायी महिलाहरुको सहभागिता रहेको थियो ।

| तालिम सञ्चालन मिति | सहभागी संख्या (महिला कानून व्वसायीहरु) |
|---|---|
| २६ मार्च – ३१ मार्च २०१७ | Basic : 30<br>Advance : 30 |
| ११ डिसेम्बर – १५ डिसेम्बर २०१७ | Basic : 30<br>Advance : 30 |
| १५ डिसेम्बर – २० डिसेम्बर २०१८ | Group 1: 30<br>Group 2: 30 |

- यसै किसिमको तालिम कार्यक्रम यस वर्ष पनि डिसेम्बर १५ देखि सञ्चालन हुने गरी तयारी सम्पन्न भएको छ ।
- कानुन तथा न्यायको क्षेत्रमा प्रवेश, उपस्थिती र पहिचान बनाउन नसकिरहेका क्षेत्र र बर्गका (Vulnarable Group) कानुनव्यवसायीहरुलाई कानुन तथा न्यायको क्षेत्रमा प्रवेश गराई तिनीहरुलाई आत्मनिर्भर बनाउनका लागि नेवाएले UNDP/RoLHR परियोजनासँग सम्झौता गरी उक्त क्षेत्र तथा वर्गका कानुनव्यवसायीहरुका लागि सञ्चातिल ६ महिने तालिम कार्यक्रम देहायबमोजिम सञ्चालन भएको जानकारी गराउँदछु । यो कार्यक्रमको को थालनी मिति २०७० माघ २२ बाट शुरु भएको हो ।

| ब्याच/मिति | | सहभागी संख्या |
|---|---|---|
| तेस्रो समूह – | २०७३ असार ३० गतेका दिन विशेष समारोहको आयोजना गरी प्रमाणपत्र वितरण गरिएको । (यो समूह २० पुस २०७२ का दिन शुरु भएको थियो ।) | ४० (चालिस जना) |
| चौथौ समूह – | ८ पुस २०७३ का दिनबाट ६ महिनासम्म चौथौ समूहको कार्यक्रम प्रारम्भ भई सफलतापूर्वक सम्पन्न भयो । | ३० (तीस जना) |
| पाँचौ समूह – | २०७४ साउन ८ पाँचौ समूहको तालिम कार्यक्रम सञ्चालन गरियो । | ३० (तीस जना) |
| छैठौ समूह – | संयुक्त राष्ट्रसंघीय सहयोग कार्यक्रम अन्तरगत नयाँ मोड्युलमा सञ्चालनमा रहेको संस्थागत सुधार मार्फत न्यायमा पहूँच अभिवृद्धि परियोजना (२०१८–२०२०) सँग नयाँ सम्झौता भई ६ महिने तालिम कार्यक्रम मिति २०७५ कार्त्तिक २९ गतेदेखि सञ्चालनमा रहेको छ । | ३१ (एकतीस जना) |

यो अभ्यासबृति कार्यक्रममा व्यवसायिक आधारभूत तालिम, फर्म तथा कार्यालयहरुमा अभ्यासबृतिका लागि पठाइने, अंग्रेजी भाषाको सिकाइ तथा पुनर्रताजगी तालिम जस्ता कार्यक्रमहरु समावेश गरिएका छन् । यो कार्यक्रमलाई निरन्तरता दिंदै यस वर्ष पनि कार्यक्रम सञ्चालनको प्रकृया अविलम्व प्रारम्भ हुँदैछ ।

- **International Legal Foundation सँगको सहकार्य**

  फौजदारी न्याय प्रणाली अन्तर्रगत आर्थिक तथा सामाजिक रुपले पिछडिएका समुदाय र वर्गका फौजदारी अभियोग लागेका व्यक्तिहरुको कानूनी हक–अधिकार, कानूनी सहायताको अधिकारको संरक्षण, उपभोग र प्रवर्धन गर्दै सहज रुपमा न्याय प्राप्त गर्ने गराउने सम्बन्धमा नागरिकको मौलिक हक, नेपालको विद्यमान फौजदारी न्याय प्रणाली र कानूनी सहायताको व्यवस्था तथा स्थानीय न्यायिक समिति, न्यायिक निरुपण र प्रक्रियाका विषयमा स्थानीय समुदायमा व्यापक रुपमा सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले नेपाल बार एशोसिएशन र The International Legal Foundation - ILF Nepal को सहकार्यमा विभिन्न १० जिल्लामा सामुदायिक सचेतना कार्यक्रम तथा कानूनी सहायताका विषयमा प्रत्यक्ष सरोकार राख्ने स्थानीय स्तरका शीर्ष व्यक्तित्वहरुसँगको छलफल अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गराउने सम्झौता भएको र सो सम्झौता वमोजिम मोरङ – २०७५/५/२२, सुनसरी – २०७५/५/२३, धनुषा –

२०७५/५/२२, पर्सा – २०७५/७/१०, मकवानपुर – २०७५/५/३०, रुपन्देही – २०७५/४/२०, बाँके – २०७५/४/१८, बर्दिया – २०७५/४/१७, कैलाली – २०७५/४/८ र कञ्चनपुर – २०७५/४/९ का दिन उल्लिखित जिल्लाहरुमा सञ्चालन गर्ने कार्ययोजना अनुसार समयमा नै सबै स्थानहरुमा सफलतापूर्वक सम्पन्न भएका छन् ।

- नेबाए र International Commission of Jurist (ICJ) को संयुक्त तत्वाधानमा 'बलपूर्वक वेपत्ता र गैरन्यायिक हत्या अनुसन्धान तथा कार्वाही' विषयक एक दिबसीय कार्यशाला गोष्ठी तपसिल बमोजिम सफलतापूर्वक सञ्चालन भएका छन् । बलपूर्वक वेपत्ता र गैरन्यायिक हत्या अनुसन्धानका सम्बन्धमा नेबाएको संलग्नतामा बलपूर्वक बेपत्ता र गैरन्यायिक हत्याः अनुसन्धान र कारवाही विषयक पुस्तक समेत प्रकाशित भई सो पुस्तक नेबाएको राष्ट्रिय सम्मेलन, नेपालगञ्जमा लोकार्पण गरिएको थियो ।

| स्थान | मिति | सहभागिता |
|---|---|---|
| जनकपुर | २०७५ बैशाख १५ गते | २ नम्बर प्रदेशका जिल्ला तथा उच्च अदालत बार एशोसिएशनका प्रतिनिधिहरु । |
| जुम्ला | २०७५ बैशाख २९ गते | नेबाएको लामो इतिहासमा केन्द्रीय स्तरको उपस्थितिमा यति महत्व प्रदान गर्ने कार्यक्रम पहिलो पटक कर्णालीको जुम्लामा सम्पन्न गर्न हामी सफल भएका छौं । |
| काठमाडौं | २०७५ बैशाख ७ गते | कार्यक्रममा फौज्दारी संहितामा गम्भीर अपराध सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा स्थानीय बार एशोसिएशनका प्रतिनिधि, मानव अधिकारकर्मी र द्वन्द्व पीडित लगायतका १६० जना भन्दा वढिको सहभागिता रहेको थियो । |

- <u>**राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहकार्यमा सञ्चालित कार्यक्रमहरु**</u>

  राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालसँगको साझेदारीमा सञ्चालित कार्यक्रमहरुलाई नेबाएले प्रमुख प्राथमिकता राखी निरन्तर रुपमा कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । नियमित रुपमा सञ्चालित कार्यक्रमहरुको सँगसँगै देहायबमोजिमका तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

| कार्यक्रमको नाम | मिति | सहभागी संख्या |
|---|---|---|
| बहस कला तथा व्यवसायिक आचारसंहिता– तीन दिवसीय कार्यक्रम तीन पटक | • २०७३/५/२३ – २६<br>• २०७३/५/२७ – २९<br>• २०७३/५/३० – ६/१ | ६६ जना । |
| मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ , फौजदारी कसूर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन,२०७४ मा आधारित | १० दिने, प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम | ३० जना । |
| प्रक्रियामा आधारित प्रशिक्षक प्रशिक्षण (Process Based ToT) | पाँच दिवसीय | २४ जना । |
| मुलुकी देवानी संहिता सम्बन्धी विषयको प्रशिक्षक प्रशिक्षण | १० दिने | ३० जना । |
| अपराध संहिता र देवानी संहिता विषयमा प्रशिक्षक प्रशिक्षण | १० दिने | ३१ जना । |
| *अपराध संहिता (मिति २०७५ पुस ९ देखि १९ गतेसम्म)* | १० दिने | ३० जना । |

| | | |
|---|---|---|
| *देवानी तथा फौजदारी कार्यविधि संहिता (मिति २०७५ पुस ९ देखि १९ गतेसम्म)* | १० दिने | ३० जना । |
| | | |

- **मेलमिलाप परिषद्सँगको सहकार्यमा सञ्चालित तालिम कार्यक्रमहरु**

नेपाल बार एशोसिएशनद्वारा स्थानीय तहको न्यायिक निरुपण तथा मेलमिलापका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठित स्थानीय न्यायिक समितिको दक्षता अभिबृद्धि गरी स्थानीय स्तरमा सम्पादन गरीने न्यायिक कार्यलाई समेत मध्यनजर गरी मेलमिलापसम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गर्नका लागि विभिन्न पहलहरु भईरहेका छन् ।

मेलमिलाप तालिम कार्यक्रममा समाजसेवी, प्राध्यापक, अवकाश प्राप्त न्यायाधीश, शिक्षकसमेतलाई सहभागि गराइएको थियो । यस अवधिमा मेलमिलापसम्बन्धी आधारभूत तालिम कार्यक्रमबाट ३०० भन्दा कानुनव्यवसायीज्युहरु मेलमिलापसम्बन्धी विषयमा पोख्त हुनु भएको छ । हामी यस्ता तालिम कार्यक्रमलाई अझै बिस्तार गर्ने लक्ष्यमा रहेका छौं ।

नेबाए र JICA को सहकार्यमा मेलमिलाप सम्बन्धी आठ दिने आधारभुत तालिम ईलाम, पोखरा, धनगढी र नेपालगञ्जमा सम्पन्न भएका छन् भने यसै गरी नेपाल बार एशोसिएशन र मेलमिलाप परिषदको सहकार्यमा काठमाण्डौमा १ समेत गरी यस अवधिमा प्रति कार्यक्रम करिव ३० जनाको कानून व्यवसायीहरुको सहभागीतामा करिव १५० जना कानून व्यवसायीहरुले मेलमिलाप सम्बन्धी आधारभुत तालिम प्राप्त गर्नु भएको छ ।

- **सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन**

राष्ट्रिय सूचना आयोग र नेबाएको सहकार्यमा सूचनाको हकको क्षेत्रमा क्रियाशिल एवं भविष्यमा यस क्षेत्रमा संलग्न रहन इच्छुक कानून व्यवसायीहरुका लागि सूचनाको हक सम्बन्धी दुई दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम (ToT) २०७५ जेठ २५ र २६ गते ललितपुरको गोदावरीमा सञ्चालन भएको र सो प्रशिक्षण कार्यक्रममा १८ जना कानून व्यवसायीहरु सहभागी हुनु भएको थियो ।

यसै गरी, नेबाए र राष्ट्रिय सूचना आयोगको संयुक्त आयोजनामा मिति २०७४/६/२३ गतेका दिन सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा कानून व्यवसायीको भूमिका विषयएक अन्तरक्रिया कार्यक्रम समेत सफलतापूर्वक सम्पन्न भएको छ ।

- **Foundation Open Society Institute (FOSI) सँगको सहकार्य:**

नेपाल बार एशोसिएशन र Foundation Open Society Institute (FOSI)/Switzerland सँग नेपालमा एकिकृत कानूनी सहायता नीति निर्माण र निशुल्क कानूनी सहायताको सन्दर्भमा नेपाल सरकारलाई नीति निर्माण र सोही वमोजिम कानूनी तथा अन्य व्यवस्थाका कार्यक्रममा सहजिकरण गर्ने उदेश्यले गत नोभेम्वरमा एक सम्झौता भै एकिकृत कानूनी सहायता नीति निर्माणका सम्बन्धमा विभिन्न चरणका छलफल कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । नेपाल बार एशोसिएशनको अवधारणा सहित छलफलका विषयवस्तुहरुको मस्यौदा तयार गर्न अधिवक्ता द्धय श्री मेघराज पोरखेल तथा वरिष्ठ अधिवक्ता डा. श्री नारायण घिमिरेलाई अनुरोध गरिएको छ भने सरोकारवालाहरुसँगको पहिलो चरणको कार्यक्रम ३० मे २०१८ मा काठमाण्डौमा सम्पन्न भएको छ । परियोजनाको मुख्य लक्ष्य कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई केन्द्रीय कानूनी सहायता समिति मार्फत छलफलमा ल्याइएको एकिकृत कानूनी सहायता नीति र यससँगै कानूनी सहायता ऐन, नियम र अन्य कानूनी सहायताको क्षेत्रमा गर्नु पर्ने सुधार, संशोधन र परिमार्जन सहित कानूनी सहायताको क्षेत्र विस्तार गर्दै सहज र सवैको पहुँचमा निशुल्क कानूनी सहायताको मार्ग प्रशस्त गर्ने कार्यमा सहजिकरण गर्ने रहेको छ ।

| विषय / सम्बन्धित सरोकारवाला | आयोजना गरिएको मिति | सहभागी सख्या |
|---|---|---|
| • मस्यौदा राष्ट्रिय कानुनी सहायता नीति, सरोकारवालासँगको | १६ जेठ २०७५ | २२ जना । |

| | | |
|---|---|---|
| छलफल | | |
| • In-house meeting, **नर्वेजिएन बार एशोसिएशन समेतसँगको छलफल** | जुन २०१८ | १३ जना । |
| • अन्तरक्रिया – सरोकारवाला क्षेत्र | १५-१६ भाद्र २०७५ | ५० जना । |
| • अन्तरक्रिया – सरोकारवाला क्षेत्र | २२-२३ असोज २०७५ | ३६ जना । |
| • अन्तरक्रिया – न्याय क्षेत्र | २७ – २८ पुस २०७५ | ४६ जना । |
| • अन्तरक्रिया – सरोकारवाला निकायका प्रतिनिधिहरुसँग | १६ माघ २०७५ | ३६ जना । |
| • अन्तरक्रिया – नेबाएको धारणा तथा मस्यौका विषयका लागि सुझाव | २३ फागुन २०७५ | ३० जना । |

- **देवानी तथा फौजदारी संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रमः**

नेपाल बार एशोसिएशनले स्थानीय बार एकाइहरुकै सक्रियतामा कानून व्यवसायी सदस्यहरुलाई सहभागी गराइ करिव ५० जनाको सहभागितामा स्थानीय बार एकाइहरु मार्फत *मुलुकी अपराध (संहिता), २०७४* तथा *मुलुकी देवानी कार्यविधि (संहिता), २०७४* मा दुई दिवसीय प्रशिक्षण कार्यशाला सञ्चालन गर्न स्थानीय बार एकाइलाई प्रति कार्यक्रम रु ५०,०००।– निकासा दिने कार्ययोजना वनाएको र यसरी निकासा भएको कार्यक्रम कुनै परियोजनाको अनुदान सहयोगबाट सञ्चालित नभई नेपाल बार एशोसिएशनको आन्तरिक कोषको व्यवस्थापनबाटै वजेट विनियोजन गरिएको छ । नेपाल बार एशोसिएशनद्धारा निर्धारित प्रशिक्षण कार्यशालाको पाठ्यक्रममा अधारित रहेर तोकिएका सहभागी संख्या पुरा गरी कार्यक्रम सञ्चालन गर्न इच्छुक बार एकाइहरुले कार्यक्रम सञ्चालन गर्ने र सहभागी प्रशिक्षार्थीहरुबाट सहभागी दस्तुर वापत जनही रु ५००। उठाउन सक्ने व्यवस्था समेत मिलाइएको थियो । संकलित सहभागी रकम स्थानिय बार एकाइको आन्तरिक हिसावमा ( आय व्ययमा) रहने गरी व्यवस्थापन गर्न सकिने व्यवस्था गरिएको थियो ।

| कार्यक्रम आयोजना गर्ने बार एकाइ | सहभागी कानूनी व्यवसायीको संख्या | सञ्चालित मिति |
|---|---|---|
| • सर्लाही जि.बा.ए. | ५२ | २०७५।१।२६-२७ |
| • धनकुटा जि.बा.ए. | ६७ | २०७५।१।२६-२७ |
| • पाटन उच्च अदालत बार | ६७ | २०७५।१।२५-२६ |
| • ललितपुर जि.बा.ए. | ५९ | २०७५।२।१८-१९ |
| • तनहूँ जि.बा.ए. | ५० | २०७५।२।२५-२६ |
| • ललितपुर जि.बा.ए. | ५६ | २०७५।३।२ |
| • पाटन उच्च अदालत बार | ६२ | २०७५।३।१-२ |
| • दाङ जि.बा.ए. | ६२ | २०७५।२।२५-२६ |
| • सुनसरी जि.बा.ए. | ७२ | २०७५।२।२५-२६ |
| • उदयपुर जि.बा.ए. | ५० | २०७५।३।२९-३२ |
| • मोरङ जि.बा.ए. | ५० | २०७५।३।४-५ |
| • पाटन उच्च अदालत बार | ६४ | २०७५।३।८-९ |
| • भक्तपुर जि.बा.ए. | ५० | २०७५।१।२८-२९ |
| • बुटवल उच्च अदालत बार | ५३ | २०७५।१।२८-२९ |
| • सर्लाही जि.बा.ए. | ५० | २०७५।३।१५-१६ |
| • रुपन्देही जि.बा.ए. | ७१ | २०७५।३।२५-२६ |
| • नुवाकोट जि.बा.ए. | ५६ | २०७५।३।८-९ |
| • नेपालगञ्ज उच्च अदालत बार | ५७ | २०७५।५।१-२ |
| • चितवन जि.बा.ए. | ५० | २०७५।३।८-९ |
| • चितवन जि.बा.ए. | ५३ | २०७५।३।१-२ |

| | | |
|---|---|---|
| • बर्दिया जि.बा.ए. | ५० | २०७५।३।८-९ |
| • सप्तरी जि.बा.ए. | ५३ | २०७५।३।१-१६ |
| • झापा जि.बा.ए. | ६३ | २०७५।३।८-९ |
| • पर्सा जि.बा.ए. | ५६ | २०७५।३।२२-२३ |
| • महेन्द्रनगर उच्च अदालत बार | ५० | २०७५।३।२२-२३ |
| • बिराटनगर उच्च अदालत बार | ४६ | २०७५।३।८-९ |
| • काभ्रे जि.बा.ए. | ५८ | २०७५।३।१५-१६ |
| • सर्वोच्च अदालत बार एशोसिएशन | ५९ | २०७५।४।३०-३१ |
| • बिरगञ्ज उच्च अदालत बार | ६१ | २०७५।३।२९-३० |
| • ललितपुर जि.बा.ए. | ५० | २०७५।३।१९-२० |
| • सिरहा जि.बा.ए. | ५० | २०७५।३।२५-२६ |
| • सर्लाही जि.बा.ए | ५० | २०७५।३।२५-२६ |
| • नवलपरासी जि.बा.ए. | ५० | २०७५।३।९-१० |
| • जनकपुर उच्च अदालत बार | ५० | २०७५।९।२५-२६ |
| • उदयपुर जि.बा.ए. | ५० | २०७५।२।१८-१९ |
| • काठमाडौं जि.बा.ए. | ५१ | २०७५।२।४-५ |
| • काठमाडौं जि.बा.ए. | ५३ | २०७५।२।११-१२ |
| • काठमाडौं जि.बा.ए. | ५१ | २०७५।२।१८-१९ |
| • काठमाडौं जि.बा.ए. | ६२ | २०७५।२।२५-२६ |
| • काठमाडौं जि.बा.ए. | ५४ | २०७५।३।१-२ |
| • काठमाडौं जि.बा.ए. | ६५ | २०७५।५।१-२ |

साथै नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशनको अनुरोधमा नेपाल भरीबाट लेखापढी कानून व्यवसायीहरुसँग सम्वद्ध सहभागीहरुलाई नेपाल बार एशोसिएशनले आर्थिक तथा श्रोत व्यक्ति समेतको व्यवस्थापन गरी मिति २०७५ साउन १९ र २० गते नेपाल बार एशोसिएशनको सभा कक्षमा मुलुकी देवानी ( संहिता) तथा फौजदारी (संहिता) सम्बन्धी दुई दिने प्रशिक्षण कार्यक्रम नेबाएको सभा कक्षमा सञ्चालन भएको छ ।

- **प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम :**

संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजनाको सहकार्यमा देवानी तथा फौजदारी संहिताका सम्बन्धमा ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम जनकपुर, धनगढी र सुर्खेतमा सफलतापूर्वक सम्पन्न भएका छन् भने काठमाडौंमा लिगल रिसर्च राईटिङ सम्बन्धी तीन दिने तालिम कार्यक्रम सम्पन्न भएका छन् ।

| स्थान | सहभागी कानूनी व्यवसायीको संख्या | सञ्चालित मिति |
|---|---|---|
| • जनकपुर | ३० (तीस) | २८ नोभेम्बर - ४ डिसेम्बर २०१८ |
| • सुर्खेत | ३२ (एकतीस) | २९ नोभेम्बर - ५ डिसेम्बर २०१८ |
| • धनगढी | ३० (तीस) | २८ नोभेम्बर - ४ डिसेम्बर २०१८ |

नेपाल बार एशोसिएशनले जाईका नेपालको आर्थिक सहयोगमा १० दिने देवानी संहिता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम पोखरा, बिराटनगर, नेपालगञ्ज र काठमाडौंमा सफलतापूर्वक सम्पन्न भएका छन् ।

| स्थान | सहभागी कानूनी व्यवसायीको संख्या | सञ्चालित मिति |
|---|---|---|
| • पोखरा | ३० (तीस) | २०७५ माघ ६ - १५ सम्म |
| • बिराटनगर | ३० (तीस) | २०७५ माघ ११ - २० सम्म |

| | | |
|---|---|---|
| • नेपालगञ्ज | २९ (तीस) | २०७५ माघ १८ -२७ सम्म |
| • काठमाडौं | ३१ (एकतीस) | २०७५ फागुन १० – १९ सम्म |

नेपाल बार एशोसिएशनले आफ्नै साधन र स्रोत परिचालन गरी काठमाडौंमा २०७५ फागुन १४ गतेदेखि ७ दिने देवानी तथा फौजदारी संहिता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम काठमाडौंमा सफलतापूर्वक सम्पन्न भएको छ। नेपाल कानुन व्यवसायी परिषद्को तालिम कक्षमा सम्पन्न भएको यस तालिम कार्यक्रममा १०० जना कानून व्यवसायीहरु प्रत्यक्ष लाभान्वित भएका छन्।

यस प्रकारको देवानी तथा फौजदारी संहिता सम्बन्धी प्रशिक्षण तालिम कार्यक्रमले सबै जिल्लाहरुमा यस विषयका योग्य, दक्ष प्रशिक्षकहरु उत्पादन भएको हुँदा नेपाल बार एशोसिएशनले यसलाई आफ्नो ठूलो सम्पत्तिको रुपमा लिएको छ।

## (ङ) विविध

- सम्बत् २०७४ पुस ६ गतेका दिन फौजदारी कानुनको कार्यान्वयनमा सरकारी वकील र कानुन व्यवसायीको भूमिका विषयक कार्यशाला महान्यायाधीवक्ताको कार्यालयको सहयोगमा सञ्चालन गरियो। सम्भवत नेपाल बार एशोसिएशनले पहिलो पटक हुनुपर्दछ महान्यायाधीवक्ताको कार्यालयसँगको सहकार्यमा यस प्रकारको कार्यक्रम आयोजना गरेको।

- **सत्य निरुपण तथा मेलमिलाप आयोग मागेको सुझावका सम्बन्धमा**
  उजुरी छानविन लगायतका आयोगले सम्पादन गर्ने कार्यमा नेपाल बार एशोसिएशनसँग आवद्ध कानुनव्यवसायीहरुबाट वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३२ (१) बमोजिम विशेषज्ञको रुपमा आयोगले सेवा लिन सक्ने नै हुँदा उक्त सेवामा संलग्न कानुनव्यवसायीले संस्थागत रुपमा नेपाल बार एशोसिएशन वा नेपाल बार एशोसिएशनका इकाईको संस्थागत प्रतिनिधित्व गर्ने नभई निज विशेषज्ञको रुपमा स्वतन्त्र र स्वयं उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्ने नै छन। उजुरी प्रारम्भिक छानविन कार्यका लागि अनुसन्धान अधिकारीमा रहने वा नरहने सो सम्बन्धमा आवश्यकता अनुसार बिज्ञ विशेषज्ञ, बरिष्ठ अधिवक्ताको नामावली, सेवा, शर्त, सुविधा वा अन्य विषयमा सम्बन्धित विज्ञको सहमतिमा गर्नु हुन सात वटा क्षेत्रमा स्थापना हुने आयोगको कार्यक्रमलाई नामावली उपलब्ध गराई सहयोग गरिदिने भनि पत्राचार भएकोमा नेवाएको तर्फबाट सातवटा क्षेत्रका उच्च अदालत बार एशोसिएशनका अध्यक्षहरुलाई सम्पर्क गर्ने उच्च अदालत क्रमश बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, दाङ, सुर्खेत र दीपायल उच्च अदालत बार एशोसिएशनमा पत्राचार गरी वोधार्थ उक्त आयोगलाई दिने कार्य भएको छ।

- **स्वास्थ्य उपचारमा आर्थिक सहयोग**
  नेपाल बार एशोसिएशनले सडक दुर्घटनामा परी घाइते भइ उपचार गराइ रहनु भएका धादिङ्ग बार एकाइका पूर्व अध्यक्ष अधिवक्ता श्री दुर्गाप्रसाद तिवारी र बिमारी परी उपचार गराइ रहनु भएका अधिवक्ता प्रा. रमेशराज प्रधान र हाल स्वर्गीय हुनु भएका जयनारायण हुज्जेदारलाई उहाँहरुको स्वस्थ्य उपचारमा केही राहत पुगोस् भन्ने भावना सहित जनही रु.२५,०००। आर्थिक सहयोग दिने निर्णय वमोजिम सम्बन्धीत व्यक्तिलाई उपलब्ध गराइ छ।

- **वातावरण सम्बन्धी कार्यक्रम**
  नेपाल बार एशोसिएसन, वातावरण कानून समितिले देशका विभिन्न ठाँउमा विद्यालय स्तरमा "प्लाष्टिक प्रर्दुषण निर्मूल पारौ, पुनःप्रयोग गर्न नसके बहिस्कार गरौ" भन्ने मूल नारा सहित कालिकोट, जुम्ला, मुगु र काठमाण्डौ उपत्यका समेत ११ स्थानमा करिव १५०० सहभागीहरु विच वातावरण कानून अभिमुखिकरण सम्बन्धि सचेतना

कार्यक्रमहरु सम्पन्न गरेको छ । काठमाण्डौका विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक शिक्षिका र कर्णाली प्रदेशको कालिकोट, जुम्ला र मुगु जिल्लाका विद्यार्थी, शिक्षक शिक्षीका र नगरपालिकाका प्रमुख सहितले कार्यक्रममा वातावरण कानूनको सम्बन्धमा भएको छलफलका विषयहरुमा कानूनी रुपमा समस्याको समाधान गर्न रचनात्मक सल्लाह सुझावहरु प्राप्त भएको थियो । उक्त कार्यक्रममा सहजकर्ताको रुपमा वातावरण कानून समितिका संयोजक अधिवक्ता पदम वहादुर श्रेष्ठ, अधिवक्ता अभिषेक अधिकारी र नेबाए केन्द्रीय सदस्य अधिवक्ता पदम वहादुर शाही हुनुहुन्थ्यो ।

यसै गरी नेपाल वार एशोसिएशन, वातावरण कानून समिति र The Jane Goodall Institute Nepal को संयुक्त आयोजनामा Conservation Animal Welfare and Legislation विषयक अन्तरक्रिया कार्यक्रममा मिति २०७४ चैत ५ गते काठमाण्डौमा सम्पन्न भएको थियो । कार्यक्रममा संयुक्त राज्य अमेरिकाका मिचिगन स्टेट विश्वविद्यालयका प्राध्यापक Carney Anne Nesser ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै गरी नेपाल वार एशोसिएशन, वातावरण कानून समितिद्धारा २०७४/०९/२ गते काठमाण्डौमा वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

वातावरणसँग सम्बन्धित विषयवस्तु तथा विशेषज्ञहरुको लेख रचना सम्मिलित **Environment Law Journal** प्रकाशन भई आज यसै गरिमामय सभामा बिमोचन भएको बेहोरा यहाँहरुसमक्ष जानकारी गराउँदै जर्नल प्रकाशनमा मुख्य भूमिका निर्वाह गर्नु हुने वातावरण कानून समितिका संयोजक अधिवक्ता पदमबहादुर श्रेष्ठ समेतको सम्पूर्णलाई धन्यबाद ज्ञापन गर्दछौं ।

- **नेपाल बार एशोसिएशन, महिला समितिद्वारा सम्पन्न कार्यक्रमहरु**
  - अन्तराष्ट्रिय नारी दिवसः नेपाल बार एशोसिएशन कानून व्यवसायी महिला समितिले १०८ औं अन्तराष्ट्रिय नारी दिवसको सन्दर्भमा “आर्थिक सशक्तीकरण सहितको सामाजिक जागरण : ग्रामिण तथा सहरी महिलाको जीवनस्तरको रुपान्तरण” "Time is now : Rural and Urban Activists Transforming Women's Lives" विषयक छलफल कार्यक्रम माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको प्रमुख आतिथ्यतामा मिति २०७४ फागुन २३ गते सम्पन्न भएको थियो ।
    - १०९ औं अन्तर्राष्ट्रिय महिला दिवस २०७५ को उपलक्ष्यमा लैङ्गिक समानताका लागि समान सोच र ब्यवहारः सम्बृद्धिको आधार भन्ने राष्ट्रिय नाराका साथ मुलुकैभरी विभिन्न रचनात्मक कार्यक्रमहरुका साथ सम्पन्न भएको कार्यक्रममा महिला समितिकोतर्फबाट सहभागिता जनाई २०७५ फागुन २४ गते कानूनको प्रभावकारी कार्यान्वयनमा कानून व्यवसायीको भूमीका विषयक कार्यशाला गोष्ठीको आयोजना गरियो । यस कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यूले प्रमुख आतिथ्यता ग्रहण गर्नु भएको थियो ।
    - लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान : २०७४ साल मङ्सिर १४ गते (३० नोभेम्वर २०१७) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०१७ को उपलक्ष्यमा नेवाए-महिला समिति र काठमाडौं स्कुल अफ लसँगको सहकार्यमा राजनीतिमा महिला विरुद्धको हिंसाः सन्दर्भ, चुनौती र भावी रणनीति विषयमा छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफल कार्यक्रममा वरिष्ठ अधिवक्ता गिता पाठक संग्रौला स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
    - लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान : २०७५ साल मङ्सिर २१ गते कानून र मानवअधिकारको दृष्टिकोणमा बलात्कार घटना विषयमा छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफल कार्यक्रममा वरिष्ठ अधिवक्ता गिता पाठक संग्रौला स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
    - नेबाए-महिला समिति र सर्वोच्च अदालत बार महिला समितिले २०७४ साल पौष २८ गते महिला कानुन र विकास मञ्चको सहकार्यमा कानून व्यवसायी महिलाको राष्ट्रिय सम्मेलनका घोषणापत्रहरुको कार्यान्वयन सम्बन्धी रणनीतिक बैठकको आयोजना गरियो । कार्यक्रममा उपत्यका बार महिला समितिका पदाधिकारीहरुसँग घोषणापत्रहरुको कार्यान्वयन सम्बन्धमा छलफल भएको छ ।
    - हरेक महिनाको पहिलो शुक्रबार आयोजित नियमित कार्यक्रमहरु : समसामयिक विषय तथा विभिन्न विशेष अवसरका रुपमा हरेक महिनाको पहिलो शुक्रबार अन्तरक्रियात्मक कार्यक्रमको आयोजनाको शुरुवात गरिएको छ ।
    - २०७५ माघ २५ गतेका दिन नेपालको संविधानले निर्देशिष्ट गरे अनुरुप संघीय कानून बमोजिम व्यवस्था गर्नुपर्ने नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन

प्रस्तावमा कानून व्यवसायी महिलाहरुको बीचमा छलफल गरी प्राप्त भएका सुझावहरु संसदको महिला तथा बालबालिका समितिका सभापति माननीय श्री शशि श्रेष्ठज्यूलाई नेबाए- महिला समितिले सुझाव प्रस्तुत गरेको थियो ।

(क) नेबाए-महिला समितिले हरेक महिनाको पहिलो शुक्रवार समसामयीक विषयमा कानून व्यवसायी महिलाहरुको उपस्थितिमा नियमित कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा महिला समितिले मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी अपराध (संहिता) ऐन,२०७४ जारी भइसके पश्चात ती ऐनहरुको व्यवस्थालाई लैङ्गिक न्यायका दृष्टिकोणले विश्लेषण गरि आवश्यक संशोधन र परिमार्जनका लागि सम्बन्धित निकायमा सुझाव पेश गर्ने उद्देश्यले पारिवारिक विषयमा र जवरजस्ती करणी सम्बन्धी विषयमा छलफलका लागि उपत्यका बार इकाइहरुलाई कार्यक्रमको जिम्मेवारी दिइएको थियो । सोही वमोजिम नेबाए-महिला समिति र उपत्यका वार इकाईका महिला समितिको सहकार्यमा निम्न वमोजिमको कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् ।

- २०७४ साल फाल्गुनको पहिलो शुक्रबार सर्वोच्च अदालत बार एशोसिएशन महिला समितीसँगको सहकार्यमा मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता ऐनमा विहावारी सम्बन्धी व्यवस्था सम्बन्धमा छलफल कार्यक्रमको आयोजना भयो । सो कार्यक्रममा अधिवक्ता श्री पूर्णिमा गुरागाई तथा अधिवक्ता श्री पुन्देवी महर्जन (सुजाना) ले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
- २०७४ साल चैतको पहिलो शुक्रबार उच्च अदालत बार एशोसिएशन पाटन महिला समितीसँगको सहकार्यमा मुलुकी देवानी संहिता ऐनमा, अंशवण्डा सम्बन्धी व्यवस्थाका सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा अधिवक्ता श्री रक्षा वस्यालले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
- २०७५ साल बैशाखको पहिलो शुक्रबार काठमाडौँ जिल्ला अदालत बार एशोसिएशन महिला समितीसँगको सहकार्यमा मुलुकी अपराध संहिता ऐन २०७४ मा करणी सम्बन्धी व्यवस्थाका सम्बन्धमा छलफल कार्यक्रमको आयोजना भयो । सो कार्यक्रममा वरिष्ठ अधिवक्ता श्री सुजन लोप्चन र अधिवक्ता विनिता काकीले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
- २०७५ साल जेठको पहिलो शुक्रवार ललितपुर जिल्ला अदालत बार एशोसिएशन महिला समितीसँगको सहकार्यमा मुलुकी देवानी संहिता ऐनमा, अपुताली सम्बन्धी व्यवस्थाका बारेमा छलफल कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा अधिवक्ता श्री शारदा गुरुङ र अधिवक्ता सुलोचना वज्राचार्यले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
- २०७५ साल असारको पहिलो शुक्रवार भक्तपुर जिल्ला अदालत बार एशोसिएशन महिला समितीसँगको सहकार्यमा मुलुकी देवानी संहिता ऐनमा, सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था सम्बन्धमा छलफल कार्यक्रमको आयोजना भयो । उक्त कार्यक्रममा अधिवक्ता श्री लक्ष्मी वखातीले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नु भएको थियो ।
- २०७५ साल श्रावणको पहिलो शुक्रवार महिला सम्मेलनको तयारीका लागि कार्यपत्रको विषयवस्तु, सम्मेलनको नारा सम्बन्धमा छलफल गरी सुझाव सङ्कलन गर्नुका साथै विभिन्न वार एकाईमा नव निर्वाचित महिला अध्यक्ष, सह-सचिव र सदस्यहरुलाई खादा ओढाई सम्मान गरिएको थियो ।
- नेपाल बार महिला समितिले २०७५ साल भाद्रको पहिलो सुक्रवार फौजदारी कसुरमा स्वच्छ सुनुवाई सम्बन्धी छलफल कार्यक्रम गरिएको थियो । सो कार्यक्रममा वरिष्ठ अधिवक्ता प्रकाश के.सी. ले कार्यपत्र प्रस्तुती गर्नु भएको थियो ।
- २०७५ माघ ४ गते न्यायपालिकामा कानून व्यवसायीको सहभागिता समेतको एजेण्डा सहित नव नियुक्ति सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर राणाज्यूलाई बधाई तथा शुभकामना प्रदान गरियो ।
- नेपाल बार महिला समितिले २०७५ साल फागुनको पहिलो सुक्रवार प्रो-बोनो सेवा र कानूनी सहायता सम्बन्धी छलफल कार्यक्रम गरिएको थियो । सो कार्यक्रममा वरिष्ठ अधिवक्ता उषा मल्ल पाठकज्यूले प्रस्तुती गर्नु भएको थियो ।
- २०७५ फागुन ११ गतेका दिन **#metoo Campaign** का विषयमा छलफल गरियो । सो कार्यक्रममा बरिष्ठ अधिवक्ता गीता सङ्ग्रौलाज्यूले प्रस्तुती गर्नु भएको थियो ।

- नेपाल बार महिला समितिले २०७५ साल चैतको पहिलो शुक्रवार स्थानीय सरकार अन्तरगतको न्यायिक समितिमा कानून व्यवसायी महिलाको भूमिका सम्बन्धी छलफल कार्यक्रम गरिएको थियो ।

(ग) फौजदारी कानुनको एकीकृत रुपमा मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी (कार्यविधि संहिता) ऐन, २०७४, फौजदारी कसुर तथा सजाय निर्धारण ऐन, २०७४ र देवानी कानुन र कार्यविधिलाई समेटेर मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन २०७४ का सम्बन्धमा दुई दिने प्रशिक्षण कार्यक्रम नेबाएको सभा कक्षमा सफलतापूर्वक सम्पन्न भयो । सो प्रशिक्षण कार्यक्रममा ६४ जना कानुनव्यवसायी महिलाहरुको सक्रिय सहभागिता रहेको थियो । सो प्रशिक्षण कार्यक्रममा स्रोत व्यक्तिको रुपमा ब.अ. बद्रीबहादुर कार्की, ब.अ. श्यामप्रसाद खरेल, प्रा.डा. युवराज संग्रौला, डा. रामकृष्ण तिमिल्सेना, पूर्व मुख्य न्यायाधिश शम्भुबहादुर खड्का, ब.अ. नरेन्द्रप्रसाद पाठक, डा. शशी अधिकारी, ईलाम उच्च अदालतका मा.न्यायाधिश टेकप्रसाद ढुङ्गानाज्यू रहनु भएको थियो । यो कार्यक्रम नेपाल कानुनव्यवसायी परिषद्को सहयोगमा सम्पन्न भएको हो ।

- **छानविन समिति गठन**

कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कार पछि हत्या भएको घटनाका सम्बन्धमा लामो समयसम्म पनि सत्य तथ्य पत्ता लगाई बास्तविक अपराधीलाई कानुनी दायरामा ल्याउने कार्यमा ढिलाई भएको हुँदा नेपाल बार एशोसिएशनको तर्फबाट उपाध्यक्ष श्री गंगाराम पाध्यायको संयोजकत्वमा श्री गजेन्द्र रावल, श्री पुनम सिंह चन्द्र, श्री रेणु प्रधान, श्री गम्भीर सिंह ऐर सम्मिलित एक छानविन समिति गठन गरी नेबाए समक्ष प्रतिवेदन समेत प्रस्तुत भएको जानकारी गराउँदछौं । सो प्रतिबेदन सत्य तथ्य पत्ता लगाउन कोशे ढुङ्गा सावित हुने हामीलाई विश्वास लागेको छ ।

- **नेपाल बार एशोसिएशनको धारणा सार्वजनिक**

नेपाल बार एशोसिएशन लोकतन्त्र, संवैधानिक सर्वोच्चता, कानुनको शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, आवधिक निर्वाचन र सुशासन लगायत कानून व्यवसायीहरुको व्यवसायिक हक हित र सुरक्षाको विषयसँग जोडिएका विषयहरुमा समय समयमा देखिने विभिन्न घटनाक्रमहरुलाई नियाल्दै उपयुक्त समयमा आफ्ना धारणाहरु प्रेश विज्ञप्ती मार्फत सार्वजनिक गर्दै आएको छ ।

नेबाएद्धारा जारी धारणाहरु नेपाल बार एशोसिएशनको आधिकारिक website www.nepalbar.org तथा नेबाएको सचिवालय मार्फत सबैको जानकारी र पहूँचमा रहने गरी राखिने गरेको वेहोरा सवैको जानकारीको लागि अनुरोध गर्दछु । नेपाल बार एशोसिएशनले समय समयमा प्रकाशित गर्ने आफ्ना यस्ता धारणहरुप्रति आफ्नो अमुल्य सुझाव र सल्लाहहरु उचित विधि र प्रक्रिया अवलम्वन गरी समयमै उपलब्ध गराउने सदस्य कानून व्यवसायीहरुका सुझाव सल्लाहको नेपाल बार एशोसिएशन सदैव अपेक्षा गर्दै नेवाएको स्थापनाकालदेखि हालसम्म बारको मान, इज्जत, प्रतिष्ठा कायम राख्न विभिन्न आरोह, अवरोह पार गरी समृद्ध, सक्षम बारको परिकल्पना गर्दै यो स्थितिमा पुऱ्याउन सहयोग गर्नका लागि सम्पूर्ण कार्यसमिति परिवार, सम्पूर्ण अग्रज कानून व्यवसायी, सम्पूर्ण बार इकाईका अध्यक्ष, सचिव र सम्पूर्ण कानून व्यवसायी विद्धान, विदुषीहरु, यस बार एशोसिएशनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भएका विभिन्न तह र तप्कामा रहनु भएका सम्माननीय, माननीय, विशिष्ट व्यक्तित्वहरु, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संघ संस्थाहरु गैरसरकारी संस्थाहरु, आमसञ्चार माध्यमका मित्रहरु लगायत नेवाए कर्मचारी एवं सम्पूर्ण मित्रहरु, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधीवक्ताको कार्यालय, सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, IBA, Law ASIA, UNDP, Japanese Bar Association, Chines Bar, JICA Nepal, China Law Society, American Bar Association, The Asia foundation, Internationla IDEA, ICJ, Women Lawyers Joining Hands- Canada, FOSI, ASD समेतका दातृ संस्थाहरु प्रति नेवाए हार्दिक धन्यवाद ज्ञापन गर्दै यहाँहरुको सरसल्लाह र सहयोगको नेबाएले अपेक्षा गरिएको छ ।

- **त्यस्तै नेबाएको निर्वाचन सम्बन्धी कार्य निर्वाधपूर्वक सम्पन्न गर्नुहुने निर्वाचन समितिप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । नवनिर्वाचित कार्यसमितिलाई हाम्रो हार्दिक बधाई र सफलताको लागि शुभकामना व्यक्त गर्दै नेबाएका विभिन्न सभा सम्मेलन, बैठकहरुद्धारा पारित घोषणापत्रहरु एवं प्रतिवेदनहरु नेबावाएको वेभसाइटमा राखिएको बेहोरा यहाँहरुसमक्ष जानकारी गराउँदछु ।**

- **<u>सम्पर्क टेलिफोन नम्वरहरु/इमेल ठेगना परिवर्तन सम्बन्धी जानकारी</u>**
  **नेपाल बार एशोसिएशनको यस पूर्व कायम रहेको कार्यालयको इमेल ठेगना परिवर्तन भई** neba@nepalbar.org **र कार्यालयका टेलिफोन नम्वरहरु परिवर्तन भई** ००९७७-१-४२००८३० / ४२००८३६ / ४२००८३५ / ४२००८३४ / ४२००८३१ / ४२००८४० / ४२००८३७ / ४२००८३९ / ४२००८३६ **कायम भएको छ ।**

**अधिवक्ता खम्मबहादुर खाती**
**महासचिव**

**सम्बत् २०७६ बैशाख ६ गते, शुक्रबार**
**काठमाडौं ।**